**गैरसरकारी संस्था महासंघ नेपाल**

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : ४७८१३६८, ४७८२९०८,

फ्याक्स : ४७८०५५९

E-mail : info@ngofederation.org,

Website : www.ngofederation.org


गैसस महासंघ नेपाल

दिगो विकास लक्ष्यहरु



# दिगो विकास एजेण्डा २०३० र दिगो विकास लक्ष्यहरुबारे

# जानकारी पुस्तिका

# दिगो विकास एजेण्डा २०३०

# र

# दिगो विकास लक्ष्यहरूबारे

# जानकारी पुस्तिका

## गैसस महासंघ नेपाल

| | |
|---|---|
| प्रकाशक | : गैसस महासंघ नेपाल |
| प्रकाशित प्रति | : १००० |
| प्रकाशित वर्ष | : २०७४ |
| डिजाइन | : निर्मल गैरे |

# भुमिका

सुख, शान्ति र सम्बृद्धि मानव जातिको साझा चाहना हो। यो चाहना पूरा गर्न मानव जातिले सदियौंदेखि प्रयत्न गर्दै आएको छ। विश्वब्यापी सकारात्मक रुपान्तरण मार्फत मात्र त्यो चाहना पूरा हुन सक्छ। विश्वका सबै प्राणीहरु मध्य मानवजाति अब्बल र सर्वश्रेष्ठ प्राणी हो। मानव विकासमा ठूलो प्रगति भएतापनि विश्वमा अझै खोज, अनुसन्धान, विज्ञान र प्रविधिको विकास निरन्तर जारी छ।

श्रोत साधनको सिमितताले गर्दा विकासको चाहना पूरा हुन सकेको छैन। प्रकृति माथिको अति दोहनले वातावरणीय सन्तुलनमा ह्रास आएको छ। गरिबी र भोकमरी अझै समाधान गर्न सकिएको छैन भने सामाजिक आर्थिक असमानता, अन्याय र जलवायु परिवर्तन नयाँ चुनौतीको रुपमा उदायका छन्। वातावरण असन्तुलन, मानव सृजित बिपद् र प्राकृतिक बिपद् सुख, शान्ति र सम्बृद्धिका वाधकका रुपमा देखिएका छन्।

विकास साझा चाहना हो। तसर्थ, विकासको लागि विश्वब्यापी अभियान अगाडि बढाउन नै संयुक्त राष्ट्र संघले सन् २००० मा सहश्राब्दी विकास लक्ष्य घोषणा गरेको थियो। सहश्राब्दी विकासको लक्ष्य विश्व विकासको लागि निकै महत्वपूर्ण रह्यो। सबै देशले सहश्राब्दी विकास लक्ष्य समान रुपमा हासिल गर्न नसकेता पनि यो आफैमा एक सकारात्मक कदम थियो। सहश्राब्दी विकास लक्ष्यको जगमा सन् २०१५ को सेप्टेम्बरमा दिगो विकास एजेण्डा २०३० पारित गरिएको छ। दिगो विकास एजेण्डाले विकासलाई मानव अधिकारसँग जोड्ने प्रयास गरेको छ। दिगो विकास एजेण्डाले १७ वटा लक्ष्यहरु निर्धारण गरेका छन् जुन अविभाज्य र अन्तरसम्बन्धित छन्। दिगो विकास एजेण्डाको कार्यावन्वय गर्ने मुख्य जिम्मेवारी सम्बन्धित देशको नै हो। तसर्थ, यसको सफलता सम्बन्धित देशको नीति, योजना, कार्यक्रम र श्रोत परिचालन क्षमता र साझेदारी विकासमा निर्भर गर्छ। गैसस महासंघ नेपालले दिगो विकास एजेण्डा कार्यान्वनय गर्न नागरिक संगठनहरुबीच समन्वयकारीको भूमिका खेल्दै आएको छ।

दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने सन्दर्भम यस बारे सरकार लगायत सबै विकासकर्ताहरुले बुझ्न जरुरी छ भने लक्षित समुदायहरुले पनि उत्तिकै बुझ्न जरुरी छ। तर, दिगो विकास एजेण्डाबारे एक त प्रयाप्त प्रचार प्रसार हुन सकेको छैन भने अर्को तर्फ नेपालमा यस बारे सरल तरिकाले जानकारी दिने कुनै पुस्तक नेपाली

भाषामा प्रकाशन हुन सकेको छैन । यस तथ्यलाई मध्य नजर गर्दै महासंघले यो जानकारी पुस्तिका प्रकाशन गरेको छ । यो पुस्तिकालाई प्रश्नउत्तरको ढाँचामा प्रस्तुत गरिएको छ । तसर्थ, यो पुस्तिकाले सर्बसाधारणदेखि नीति निर्माता सम्मलाई दिगो विकास एजेण्डा बारे सरल भाषामा बुझ्न मद्दत गर्ने अपेक्षा गरेको छु । साथै, देश भित्र दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुग्ने विश्वास गरेको छु ।

यो पुस्तिकाको लेखनमा सहयोग गर्ने महासंघका कार्यकारी निर्देशक श्री दयासागर श्रेष्ठ धन्यबाद्को पात्र हुनु हुन्छ । साथै यसको प्रकाशनमा सहयोग गर्ने महासंघकका केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र सचिवालयका कर्मचारीहरुलाई म धन्यबाद् नदिइरहन सक्दिन । प्रकाशनमा सहायता प्रदान गर्ने केयर नेपाल प्रति पनि म आभारी छु ।

अन्त्यमा, यो पुस्तिका अध्ययन गरी रचनात्मक सल्लाह र सुझाव दिन सबै पाठक र संघ संस्थाहरुलाई म अपील पनि गर्दछु ।

..................

गोपाल लम्साल

अध्यक्ष

# विषयसूची


| क्र. सं. | विषयवस्तुहरु | पेज |
|---|---|---|
| १. | दिगो विकास भनेको के हो ? | ७ |
| २. | दिगो विकासका मुख्य तीन पक्षहरु के के हुन् ? | ७ |
| ३. | सहश्राब्दी विकास लक्ष्य के हो ? | ७ |
| ४. | सहश्राब्दी विकास लक्ष्य भन्दा दिगो विकास एजेण्डामा के फरक छ ? | ८ |
| ५. | दिगो विकास एजेण्डा भनेको के हो ? | ८ |
| ६. | दिगो विकास एजेण्डाको प्रतिपादन कसले गरेको हो ? | ९ |
| ७. | दिगो विकास एजेण्डा भित्र कुन कुन बिषयबस्तुहरु समावेश गरिएको छ ? | ९ |
| ८. | दिगो विकास एजेण्डाले निर्धारण गरेका प्राथमिक महत्वका क्षेत्रहरु के के हुन् ? | ९ |
| ९. | दिगो विकास एजेण्डाको प्रमुख उद्देश्य के हो ? | १० |
| १०. | दिगो विकास एजेण्डाको दीर्घकालिन दृष्टिकोण के रहेको छ ? | १० |
| ११. | दिगो विकास एजेण्डाको अवधि कति रहेको छ ? | १० |
| १२. | दिगो विकास एजेण्डा हामीलाई किन महत्वपूर्ण छ ? | १० |
| १३. | दिगो विकास एजेण्डामा के वाचा गरिएको छ ? | ११ |
| १४. | दिगो विकास एजेण्डामा कति वटा लक्ष्यहरु समावेश गरिएका छन् ? | ११ |
| १५. | दिगो विकास एजेण्डामा कुन कुन लक्ष्यहरु समावेश छन् ? | ११ |
| १६. | दिगो विकास एजेण्डाका निर्दिष्ट लक्ष्यहरु के भनेका हुन् ? | १३ |
| १७. | दिगो विकास लक्ष्यका सूचकहरु भनेका के हुन् ? | १३ |

१८. दिगो विकास एजेण्डाले समावेश गरेका नयाँ एजेण्डाहरु के के हुन ? १३

१९. दिगो विकास कार्यान्वयनको लागि श्रोत साधनहरु के हुन् ? १४

२०. कार्यान्वयनको श्रोत साधन किन महत्वपूर्ण छ ? १४

२१. विकास साझेदारी किन महत्वपूर्ण हुन्छ ? १५

२२. दिगो विकास एजेण्डाको कार्यान्वयन कसरी गरिन्छ ? १५

२३. नेपालको सन्दर्भ दिगो विकास एजेण्डा कार्यान्वयनमा क कस्ले भूमिका खेल्न सक्ला ? १५

२४. दिगो विकास लक्ष्यको प्रगति अनुगमन समीक्षा कसरी गरिन्छ ? १६

२५. नेपाल दिगो विकास मञ्च के हो ? १७

२६. दिगो विकास मञ्चका मुख्य कार्यहरु के के हुन् ? १७

२७. दिगो विकास मञ्चमा को सहभागी हुन सक्छन् ? १८

२८. दिगो विकास मञ्चको संयोजन कस्ले गर्छ ? १८

२९. नेपालको सन्र्दभमा दिगो विकासको लागि मञ्चले निर्धारण गरेको मुख्य लक्षित समुहहरु र बिषयगत क्षेत्रहरु के के हुन् ? १८

३०. दिगो विकास एजेण्डाको कार्यान्वयन प्रक्रिया नेपाल सरकारले कसरी अगाडि बढाएको छ ? २०

३१. दिगो विकास एजेण्डा कार्यान्वयन गर्न सरकारले कस्तो संस्थागत संरचना बनाएको छ ? २०

३२. विकासका सूचकहरुमा नेपालको अवस्था के छ ? र सन् २०३० सम्मको राष्ट्रियतहमा निर्धारित लक्ष्यहरु के रहेको छ ? २१

**अनुसूची १** २४


**दिगो विकास लक्ष्यहरु तथा निर्दिष्ट लक्ष्यहरुको विवरण** २४

## १. दिगो विकास भनेको के हो ?

मानव जाति सहित सिंगो प्राणी जगतलाई आवश्यक पर्ने प्राकृतिक श्रोतसाधन उपलब्ध गराउने र जैवीक चक्रलाई निरन्तरता दिने ठूलो क्षमता हाम्रो प्रकृतिसँग हुन्छ र जसले हाम्रो आवश्यकता, उत्पादन, आपूर्ति, उपभोगलाई सन्तुलमा राखी सम्पूर्ण प्राणी जगत र समाजलाई जीवन्त राख्दछ । तसर्थ, प्रकृतिको त्यस्तो क्षमतालाई संरक्षण गर्दै पछि आउने पुस्ताहरुले पनि विकासका प्रतिफल निरन्तर उपभोग गर्न सक्ने विकास प्रक्रियालाई हामी दिगो विकास भन्दछौं ।

## २. दिगो विकासका मुख्य तीन पक्षहरु के के हुन् ?

दिगो विकासको अवधारणाको जन्म वातावरणसँग जोडिएको थियो । तर पछि आएर दिगो विकासको अवधारणामा तीन मुख्य पक्षहरु हुन्छन् भनी निश्कर्ष निकालिएको छ । पहिलो, आर्थिक विकास, दोश्रो सामाजिक विकास र तेस्रो वातावरण संरक्षण ।




## ३. सहश्राब्दी विकास लक्ष्य के हो ?

संयुक्त राष्ट्र संघले सन् २००० मा आयोजना गरेको सहश्राब्दी शीखर सम्मेलनमा जारी गरेको सहश्राब्दी घोषणापत्र मार्फत् सन् २०१५ सम्म हासिल गर्न भनी निर्दिष्ट गरेको निम्न आठवटा अन्तर्राष्ट्रिय विकास लक्ष्यहरुलाई हामी सहश्राब्दी विकास लक्ष्य भन्छौं ।

लक्ष्य १. विषम र निरपेक्ष गरिबी तथा भोकमरी अन्त्य गर्ने

लक्ष्य २. सबैका लागि आम प्राथमिक शिक्षा उपलब्ध गराउने

लक्ष्य ३. लैंगिक समानता प्रवर्धन गर्ने र महिलाहरुको सशक्तिकरण गर्ने

लक्ष्य ४. वाल मृत्युदर घटाउने

लक्ष्य ५. मातृ स्वास्थ्यमा सुधार गर्ने

लक्ष्य ६. एचआईभी र एड्स, मलेरिया र अन्य रोगहरुको निराकारण गर्ने

लक्ष्य ७. पर्यावरणीय दिगोपना सुनिश्चित गर्ने

लक्ष्य ८. विकासका लागि अन्तर्राष्ट्रिय साझेदारीको विकास गर्ने

;x>fAbL ljsf; nIo
सन् २००० देखि २०१५ सम्म

lbuf] ljsf; nIo
सन् २०१६ देखि २०३० सम्म

### ४. सहश्राब्दी विकास लक्ष्य भन्दा दिगो विकास एजेण्डामा के फरक छ ?

दिगो विकास एजेण्डा तर्जुमा प्रक्रिया सहश्राब्दी विकास लक्ष्य तर्जुमा प्रक्रिया भन्दा सहभागितामूलक र समावेशी समेत रह्यो । दिगो विकास एजेण्डामा १७ वटा लक्ष्यहरु निर्धारण गरिएको भने सहश्राब्दी विकास लक्ष्यमा ८ वटा मात्रै लक्ष्यहरु रहेका थिए । सहश्राब्दी विकास लक्ष्य अतिकम विकसित देशहरुको आवश्यकतासँग बढी सम्बन्धित थियो भने दिगो विकास एजेण्डा सबै देशहरुको लागि उत्तिकै महत्वपूर्ण छ । त्यसै गरी दिगो विकास एजेण्डामा सहश्राब्दी विकास लक्ष्यहरुले समेट्न नसकेका विषयहरु समावेश गरिएका छन् । तसर्थ, सहश्राब्दी विकास लक्ष्य भन्दा यो भिन्न र प्रगतिशील पनि छ ।

### ५. दिगो विकास एजेण्डा भनेको के हो ?

२५ सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्र संघको सत्तरीऔं महासभाले विश्वभरी लागू हुने गरी तयार गरेको विकास ढाँचालाई दिगो विकास एजेण्डा भनिन्छ । जसलाई **“हाम्रो विश्वको रुपान्तरण : दीगो विकासको लागि २०३० एजेण्डा** (Transforming Our World: The 2030 Agenda for Sustainable Development)” भनेर नामाकरण गरिएको छ । यो एजेण्डा संयुक्त राष्ट्र संघले घोषणा गरेको मानवजाति, पृथ्वी र सम्बृद्धिको लागि कार्यमूलक योजना हो । दिगो विकास एजेण्डालाई एकाइसौ शताब्दीमा मानवजाति र पृथ्वीको लागि चार्टर भनिएको छ ।

## ६. दिगो विकास एजेण्डाको प्रतिपादन कसले गरेको हो ?

दिगो विकास एजेण्डाको प्रतिपादन संयुक्त राष्ट्र संघले गरेको हो। २५ सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले यसलाई जारी गरेको हो । यसमा १९३ देशका सरकार प्रमुख वा प्रतिनिधिहरुले हस्ताक्षर गरेको छ। सबै देशहरु, सबै सम्बन्धित पक्षहरु र साझेदारीमा संग्लग्न भएका सबै संघ संस्थाहरुले यसको कार्यान्वयन गर्नु पर्दछ ।

## ७. दिगो विकास एजेण्डा भित्र कुन कुन बिषयबस्तुहरु समावेश गरिएको छ ?

दिगो विकास एजेण्डाको दस्तावेजमा पाँचवटा बिषयबस्तुहरु समावेश गरिएको छ । ती निम्न बमोजिम रहेका छन् :

- प्रस्तावना
- घोषणापत्र
- लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरु
- कार्यान्वयनको श्रोत साधनहरु र विश्व साझेदारी
- अनुगमन (प्रगतिको लेखाजोखा) र समीक्षा (सबल र कमजोरी पक्षहरुको लेखाजोखा)

## ८. दिगो विकास एजेण्डाले निर्धारण गरेका प्राथमिक महत्वका क्षेत्रहरु के के हुन् ?

दिगो विकास एजेण्डाले पाँचवटा क्षेत्रहरुलाई प्राथमिक महत्वका क्षेत्रहरु मानेको छ । जसलाई 5 Ps पनि भन्ने गरिन्छ । तीन निम्न बमोजिम छन् :

- जनता (People)
- पृथ्वी (Planet)
- सम्बृद्धि (Prosperity)
- शान्ति (Peace)
- साझेदारी (Partnership)

## ९. दिगो विकास एजेण्डाको प्रमुख उद्देश्य के हो ?

दिगो विकास हासिल गर्न सबै खाले गरिबी र त्यसका सबै पक्षहरु अन्त गर्नु अहिले को विश्वको मुख्य साझा चुनौतीको रुपमा रहेको छ । तसर्थ, सबै खाले र सबै तहको गरिबीको अन्त गर्नु नै दिगो विकास एजेण्डाको मुख्य उद्देश्य रहेको छ ।

## १०. दिगो विकास एजेण्डाको दीर्घकालिन दृष्टिकोण के रहेको छ ?

दिगो विकास एजेण्डाले त्यस्तो विश्वको चाहना गरेको छ, जुन विश्व गरिबी, भोक, रोग र तृष्णाबाट मुक्त होस् र जहाँ सबैले आफ्नो जीवन फलाउन फुलाउन सकोस् । एजेण्डाले सबैजना पढ्न लेख्न सक्ने भएको, भय र हिंसाबाट मुक्त भएको, न्यायपूर्ण र गुणस्तरीय शिक्षा, स्वास्थ्य उपचार र सामाजिक सुरक्षाको सुविधा सबैलाई प्राप्त भएको हेर्न चाहेको छ । साथै पिउने पानी र सरसफाइको सुविधा अधिकारको रुपमा स्थापित भएको, खाद्य पदार्थ तथा पोषणको ग्यारेन्टी भएको, सुरक्षित र प्रतिरोधी मानव वस्ति, दिगो उर्जामा पहुँच, मानव अधिकार र मानव गरीमा सम्मान भएको, कानूनी शासन, समानता र भेदभाव रहित, सबै जातजाति, संस्कृति र नश्लप्रति बराबरी सम्मान, सबै वालवालिक हिंसा र शोषण विना विकास गर्न पाएको, सबै महिला र बालिकाहरुले लैंगिक समानताको अनुभूति गर्न पाएको, समतामूलक, सहनशील, खुला र समावेशी विश्व, सबै देशहरुले दिगो, समावेशी र दिगो आर्थिक बृद्धि र सम्मानजनक काम उपलब्ध भएको र मानव जाति प्रकृतिबीच छुट्टयाउन नसकिने सम्बन्धमा बाँचेको, सबै जीव र बनस्पतिहरुको संरक्षण भएको विश्वको कल्पना गरिएको छ ।

## ११. दिगो विकास एजेण्डाको अवधि कति रहेको छ ?

दिगो विकास एजेण्डाको प्रारम्भ १ जनवरी २०१६ देखि शुरु भएको हो र यसको अवधि सन् २०३० को अन्त सम्म रहने छ । तसर्थ, यसको कुल अवधि १५ बर्षको रहेको छ र सो अवधिसम्म यस एजेण्डाले समग्र विश्व विकास प्रक्रियालाई कसरी अगाडि बढाउने भन्ने बारे बाटो देखाउँदछ ।

## १२. दिगो विकास एजेण्डा हामीलाई किन महत्वपूर्ण छ ?

विश्वको सबै जसो देशहरुका राष्ट्र प्रमुख, सरकार प्रमुख वा प्रतिनिधिहरु स्वयंले सर्वसम्मतिमा निर्णय गरी यो एजेण्डा जारी गरिएको हो । सबैले यो एजेण्डालाई निरन्तर रुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता गरेको छ । यो एजेण्डालाई सबै जना संयुक्त

रुपमा अगाडि बढ्ने साझा यात्राको रुपमा ब्याख्या गरेको छ र कसैलाई पनि पछाडि नछाड्ने (Leave no one behind) वाचा गरिएको छ। यो यस्तो एजेण्डा हो जसमा यस अघि कहिल्यै नभएका साझा महत्वका विषयहरु समावेश गरिएको छ । यसलाई सबै विश्वले स्वीकार गरेको छ भने सबै देशहरुको लागि यो समान रुपमा लागू हुने एजेण्डा हो । यसमा समावेश भएका लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरु चाहे विकसित मुलुक होस् वा विकास तिर लम्कीरहेका मुलुकहरु, सबैमा लागू हुन्छ । यो एजेण्डा मानव अधिकार र त्यसका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुलाई महत्वका साथ स्थान दिएको छ । तसर्थ, विश्वको समग्र परिवर्तन र विकासको लागि यो एजेण्डा निकै महत्वपूर्ण छ ।

### १३. दिगो विकास एजेण्डामा के वाचा गरिएको छ ?

दिगो विकास एजेण्डामा आगामी सन् २०३० भित्रमा सबै ठाउँमा गरिबी र भोकमरीको अन्त गर्ने वाचा गरेको छ । त्यसैगरी देशभित्र र देशहरुबीच रहेको असमानता बिरुद्ध लड्ने, मानव अधिकारको रक्षा गर्ने साथै महिला तथा बालिकाहरुको सशक्तीकरण गर्दै लैंगिक समानताको प्रबर्धन गर्ने, पृथ्वी र प्राकृतिक श्रोत साधनहरुको रक्षाको सुनिश्चिता गर्ने कुरा गरिएको छ । साथै जलवायु परिवर्तन न्यूनिकरणको लागि तत्काल काम थाल्ने संकल्प गरिएको छ । अर्को तर्फ यसले विभिन्न तहमा देशको विकास र क्षमतालाई ध्यानमा राख्दै दिगो, समावेशी र स्थायी आर्थिक बृद्धि, सम्बृद्धिको साझेदारी र सबैलाई सम्मानजनक कामको उपलब्ध गराउने अवस्था सृजना गर्ने कुरा गरेको छ ।

### १४. दिगो विकास एजेण्डामा कति वटा लक्ष्यहरु समावेश गरिएका छन् ?

दिगो विकास एजेण्डामा १७ वटा लक्ष्यहरु समावेश गरिएका छन् ।

### १५. दिगो विकास एजेण्डामा कुन कुन लक्ष्यहरु समावेश छन् ?

दिगो विकास एजेण्डामा १७ वटा लक्ष्यहरु (अनुसूची-१) समावेश गरिएका छन् । जुन निम्न बमोजिम रहेका छन् :

लक्ष्य १: सबै ठाउँबाट सबै किसिमका गरिबीको अन्त्य गर्ने

लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्नेभोकमरीको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने

लक्ष्य ३: सबै उमेर समुहका व्यक्तिका लागिस्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

लक्ष्य ४: सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने

लक्ष्य ५: लैङ्गिक समानता हासिलगर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

लक्ष्य ६: सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

लक्ष्य ७: सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

लक्ष्य ८: भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

लक्ष्य ९: उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

लक्ष्य १०: मुलुक भित्र तथा मुलुकहरुबीचको असमानता घटाउने

लक्ष्य ११: शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

लक्ष्य १२: दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

लक्ष्य १३: जलवायु परिवर्तन र यसकोप्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

लक्ष्य १४: दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने

लक्ष्य १५: स्थलीय पर्यावरणको संरक्षण,पुनर्स्थापना र दिगो उपयागको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भुक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

लक्ष्य १६: दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

## १६. दिगो विकास एजेण्डाका निर्दिष्ठ लक्ष्यहरु के भनेका हुन् ?

प्रत्येक दिगो विकास लक्ष्य हासिल गर्नको लागि त्यस अन्तरगत निश्चित योजनाहरु समावेश गरिएका छन् । जसलाई निर्दिष्ट लक्ष्य भनिन्छ । निदिर्ष्ट लक्ष्यहरु जम्मा १६९ वटा रहेका छन् । लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरुको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## १७. दिगो विकास लक्ष्यका सूचकहरु भनेका के हुन् ?

दिगो विकास लक्ष्य तथा त्यसका निर्दिष्ट लक्ष्यहरु हासिल हुन सके वा सकेनन् भनी जाँच गर्नको लागि केही आधारहरु निर्धारण गरिएका छन् । जसलाई सूचक नाम दिइएको छ । प्रत्येक निर्दिष्ट लक्ष्यका एक वा सो भन्दा बढी सूचकहरु निर्धारण गरिएको छ । सूचकले प्रगतिहरुको अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा सहयोग पुऱ्याउँदछ ।

## १८. दिगो विकास एजेण्डाले समावेश गरेका नयाँ एजेण्डाहरु के के हुन ?

दिगो विकास एजेण्डाले सबै लक्ष्यहरु र सबै निर्दिष्ट लक्ष्यहरु एकीकृत, टुक्राउन नसकिने र परस्पर सम्बन्धित विषयको रुपमा स्वीकार गरिएको छ । यो एजेण्डाले दिगो विकास प्रक्रियाबाट चाहे वर्तमान पुस्ता होस् वा भविष्यका पुस्ता सबै जनाले पूर्ण रुपमा लाभ लिन सकेको हुनु पर्ने कुरा गरेको छ । एजेण्डाले अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र र मानव अधिकार र अन्तर्राष्ट्रिय कानून सम्बन्धी सामग्रीहरु निकै महत्व दिएको छ र सबै सरकारहरुले पालना गर्न गराउनु पर्ने कुरा उल्लेख गरेको छ । दिगो विकास एजेण्डाले जोखिमपूर्ण अवस्थामा रहेका मुलुकहरु खासगरी अफ्रिकी मुलुकहरु, अतिकम विकास भएका मुलुकहरु, भूपरिवेष्ठित मुलुकहरु र साना टापु विकासशील मुलुकहरुलाई विशेष ध्यान दिनु पर्ने कुरा गरेको छ । लैंगिक समानता र सशक्तीकरणसम्बन्धी प्रयासहरुले सबै लक्ष्यहरुमा योगदान गर्ने कुरा उल्लेख गरे

को छ । संकटमा परेको क्षेत्र र आतंकवादबाट प्रभावित क्षेत्रमा बसोबास गर्नेहरुको लागि थप आवश्यक कार्यहरु गर्नुपर्ने भनिएको छ । अतिकम विकास राष्ट्रहरुको लागि संरचनागत रुपान्तरण सहित सबै क्षेत्रमा उत्पादनशील क्षमता बढाउनु पर्ने कुरा गरिएको छ । यस एजेण्डाले दिगो उपभोग र उत्पादनको दश वर्षे ढाँचाको कार्यान्वयनलाई जोड दिएको छ र धनी मुलुकहरुले त्यसको नेतृत्व लिनु पर्ने कुरा गरेको छ । जलवायु परिवर्तन र वातावरणीय क्षतिलाई प्राथमिकताका साथ छुट्टै लक्ष्यमा समावेश गरिएको छ । दिगो शहरी विकास, पूर्वाधार विकास, औधोगिक विकास, दिगो आर्थिक बृद्धि र सबैलाई सम्मानजनक काम उपलब्ध गराउने, दिगो उर्जा विकास, दिगो शान्तिपूर्ण समाजको स्थापना, न्यायमा पहुँच, जवाफदेही र प्रभावकारी संस्थाहरुको स्थापना आदि ती नयाँ बिषयहरु हुन जुन दिगो विकास एजेण्डामा समावेश गरिएका छन् ।

## १९. दिगो विकास कार्यान्वयनको लागि श्रोत साधनहरु के हुन् ?

विकास प्रक्रियाको लागि साझेदारी विकास महत्वपूर्ण हुन्छ । त्यसको साथै आवश्यक मात्रामा पैसाको उपलब्धता, ज्ञान, बिशेषज्ञता, क्षमता विकास र उपयुक्त प्रविधि तथा नवीन विचारहरु दिगो विकास कार्यान्वयनको लागि महत्वपूर्ण श्रोतको रुपमा लिइएको छ । देश भित्रै उपलब्ध हुने पैसा बाहेक वैदेशिक सहयोग पनि महत्वपूर्ण साधनको रुपमा लिइएको छ । ब्यपारलाई अर्थतन्त्रको विकास लागि महत्वपूर्ण मानिन्छ । तर, यति हुँदा हुँदै पनि आफ्नो देशको सामाजिक आर्थिक विकासको लागि सम्बन्धित देश नै मुख्य रुपमा जिम्मेवार हुनु पर्ने हुन्छ ।

## २०. कार्यान्वयनको श्रोत साधन किन महत्वपूर्ण छ ?

विकास आफै हुने कुरा होइन । यसको लागि उपयुक्त नीति, नियम, योजना, रणनीति र कार्यक्रमहरुको आवश्यकता पर्दछ । साथै यसको लागि साझा सोचाइ, प्रतिवद्धता, असल एवं कुशल नेतृत्व, सीपयुक्त जनशक्ति आवश्यक पर्दछ भने वित्तीय श्रोत साधन नभई नहुने साधनहरु हुन् । योजनाहरुको कार्यान्वयन गर्ने क्षमता, त्यसको लागि आवश्यक उपयुक्त वातावरण निर्माण र प्रविधिहरु जरुरी हुन्छ ।

## २१. विकास साझेदारी किन महत्वपूर्ण हुन्छ ?

विकास एउटा निकायको प्रयासबाट मात्रै हुने कुरा होइन । तसर्थ, दिगो विकास एजेण्डाले प्रभावकारी विश्व साझेदारीलाई मुख्य श्रोत मानेको छ । विकास साझेदारीमा सरकार, निजी क्षेत्र, नागरिक समाज, संयुक्त राष्ट्र संघीय प्रणाली र आर्थिक सहयोग गर्ने संस्थाहरुले आफ्ना श्रोत साधनहरु जति सक्दो बढी परिचालन गर्नु पर्ने हुन्छ। यस बाहेक संसद र स्थानीय सरकारहरुको भूमिका पनि निकै महत्वपूर्ण मानिएको छ । तसर्थ, विकासको लागि वहुपक्षीय संग्लग्तता र साझेदारी महत्वपूर्ण मानिन्छ ।

## २२. दिगो विकास एजेण्डाको कार्यान्वयन कसरी गरिन्छ ?

दिगो विकास एजेण्डा कार्यान्वयनको प्रारम्भ सम्बन्धित देशको सरकारले त्यसलाई आफ्नो एजेण्डाको रुपमा स्वीकार गर्ने कार्यबाट थालनी हुन्छ। यस अन्तरगत राष्ट्रिय नीति, योजना र प्रणालीमा दिगो विकास एजेण्डालाई समायोजन गरिनु पर्दछ । दोश्रो चरणमा कार्यान्वयन प्रक्रियालाई कसरी सरल बनाउने भन्नेसँग सम्बन्धित हुन्छ । यसमा सरकारलाई आवश्यक सहयोगको आवश्यक पर्न सक्छ । राष्ट्रिय योजना र दिगो विकास लक्ष्य तथा निर्दिष्ट लक्ष्यहरु एक अर्कामा मिलाउने काम महत्वपूर्ण हुन्छ । यस पछि दिगो विकास प्रक्रियामा सहयोग पुऱ्याउने संस्थाहरु र पक्षहरु पहिचान गर्ने र उनीहरुबीच साझेदारीको विकास महत्वपूर्ण हुन्छ। दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने प्राथमिक दायित्व सरकारकै हो। एजेण्डा कार्यान्वयनको लागि सरकारले आवश्यक श्रोत साधनको व्यवस्था गर्नु पर्छ भने आवश्यक तथ्यांकहरु संकलन र उपयोग पनि गर्दै जानु पर्ने हुन्छ । यस पश्चात आफ्नो जिम्मेवारी र आफूले गरेको काम प्रति आफैले जवाफ दिनु पर्ने प्रणालीको स्थापना गरिनु पर्दछ भने कार्यान्वयनमा भएको प्रगतिहरुको अनुगमन गर्दै जाने अभ्यास गर्नु पर्दछ।

## २३. नेपालको सन्दर्भ दिगो विकास एजेण्डा कार्यान्वयनमा क कस्ले भूमिका खेल्न सक्ला ?

अरु मुलुक झै नेपालको लागि पनि यहाँको सरकार नै दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार संस्था हो । यसको राष्ट्रिय नीति, योजना र रणनीतिहरु तर्जुमा गर्ने काममा महत्वपूर्ण भूमिका रहन्छ । नेपाल संघीय राज्य

प्रणालीमा प्रवेश गर्दै गरेको सन्दर्भमा स्थानीय सरकारहरु र प्रादेशिक सरकारहरुले पनि एजेण्डा कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ। एजेण्डाको कार्यान्वयनमा सामाजिक संघ संस्थाहरुले पनि महत्वपूर्ण योगदान गर्न सक्दछ । यस बाहे निजी क्षेत्रले आफ्नो लगानी बढाउन सक्दछ खासगरी उर्जा, संचार र यातायात जस्ता पूर्वाधार विकासको क्षेत्रमा । साथै संयुक्त राष्ट्र संघका विभिन्न निकायहरु, दुई पक्षबीच सम्झौता भई सहयोगहरु उपलब्ध गराउन सक्ने संस्थाहरु र अन्तर्राष्ट्रिय विकास बैंकहरुले पनि विकासमा सहयोग गर्न सक्दछन् । यसको साथै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको योगदान पनि महत्वपूर्ण हुन्छ । यति कुरा गर्दा गर्दै पनि राजनैतिक दलहरु र त्यसका नेतृत्व तहको प्रतिबद्धता निकै महत्वपूर्ण हुन्छ। नीति, कार्यक्रम र बजेट निर्माणमा संसदको भूमिका महत्वपूर्ण हुन्छ भने सरकार र अरु कार्यान्वयकारी निकायहरुलाई जवाफ दिने बनाउन संसदले प्रभावकारी भूमिका खेल्ने क्षमता राख्दछ ।

### २४. दिगो विकास लक्ष्यको प्रगति अनुगमन समीक्षा कसरी गरिन्छ ?

विकासमा भैरहेको प्रगतिको लेखाजोखा अनुगमन र समीक्षाको बिषय सम्बन्धित देशको आफ्नो अवस्था, क्षमता र विकासको स्तरलाई ध्यानमा राख्दै सम्बन्धित देशले आफ्नो इच्छा अनुसार कार्यान्वयन गर्ने विषय हो । विश्वस्तरीय समीक्षा प्राथमिक रुपमा राष्ट्रिय तथ्यांक श्रोतमा नै आधारित हुन्छन् । तसर्थ, समीक्षाको लागि गरिने राष्ट्रिय प्रयासहरु नै क्षेत्रीय तथा विश्वस्तरमा गरिने समीक्षाको आधार हुन् । दिगो विकास एजेण्डाले देश स्वयंले नेतृत्व गर्ने गरी नियमित र समावेशी रुपमा राष्ट्रिय तथा त्यस भन्दा तल्लो तहहरुमा समेत प्रगति समीक्षा गर्न प्रोत्साहन गर्छ । साथै देशको परिवेश अनुसार निजी क्षेत्र, आदिवासी जनता, नागरिक समाज र संसद समेतको योगदानको अपेक्षा गरेको छ। त्यसैगरी क्षेत्रीय तथा उपक्षेत्रीय तहमा पनि समीक्षा गर्न सकिने व्यवस्था गरेको छ । विश्वस्तरमा स्वइच्छा बमोजिम राष्ट्रिय समीक्षा संयुक्त राष्ट्र संघ अन्तरगत उच्चस्तरीय राजनैतिक मञ्चमा गरिने व्यवस्था गरिएको छ । यसको बैठक वार्षिक रुपमा हुन्छ । यस मञ्चले सफलताहरु, चुनौतीहरु, सिकाइहरु सहितका अनुभवहरु आदनप्रदान गर्न सजिलो बनाउँदछ भने त्यस पछाडि गरिनु पर्ने कामहरुको लागि राजनैतिक नेतृत्व प्रदान गर्दछ र आवश्यक सहयोग गर्दछ ।

## २५. नेपाल दिगो विकास मञ्च के हो ?

दिगो विकास एजेण्डा २०३० को कार्यान्वयनको सन्दर्भमा नेपालमा क्रियाशिल नागरिक संगठनहरुले स्थापना गरेको साझा संजाल हो नेपाल दिगो विकास मञ्च। गैसस महासंघ नेपालको पहलमा २५ फेब्रुअरी २०१६ मा काठमाण्डौमा आयोजना गरिएको नागरिक संगठनहरुको भेलाबाट यसको स्थापना भएको थियो । यसको पूरा नाम अंग्रेजीमा *"CSOs Forum on Sustainable Development in Nepal"* संक्षमा यसलाई *"Nepal SDGs Forum"* भनिएको छ। . दिगो विकास प्रक्रियमा नागरिक संघ संस्थाहरुलाई प्रभावकारी, जवाफदेही र ब्यविस्थत रुपले संग्लग्न गराउने यसको मुल उद्देश्य रहेको छ ।

## २६. दिगो विकास मञ्चका मुख्य कार्यहरु के के हुन् ?

- नागरिक संगठनहरु र अन्य सरोकारवालाहरुलाई दिगो विकास बारे सूचना आदनप्रदान गर्ने ।
- नागरिक संगठनहरुको भूमिका बिस्तार र कार्यमुलक वातावरण सवलीकरणको लागि पैरवी गर्ने ।
- दिगो विकास एजेण्डाबारे स्थानीय, प्रदेश र राष्ट्रिय तहमा नागरिक संगठनहरुको सचेतना तथा क्षमता अभिबृद्धि गर्ने ।
- दिगो विकासका मुख्य सवालहरुमा नागरिक संगठनहरुलाई परिचालन गर्ने ।
- विकासको लागि नागरिक संगठनहरुको प्रभावकारिता र जवाफदेहिता सुधार गर्ने ।
- एजेण्डा कार्यान्वयनको लागि नागरिक संगठनहरुको सहभागिता प्रबर्धन गर्ने ।
- नागरिक संगठनहरुको तर्फबाट विभिन्न तहहरुमा सरकारी निकायसँग सम्बन्ध राख्ने र सरकारी प्रक्रियामा सहभागी बन्ने ।
- नीतिगत तथा संचालन सम्बन्धी सवालहरुमा सांसद, निजी क्षेत्र, संवैधानिक निकाय, अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र विकास साझेदारहरुसँग समन्वय गर्ने ।

- विभिन्न तहहरुमा अनुगमन, समीक्षा र पछ्याउने प्रक्रियाहरुमा सहभागी बन्ने र सरकारलाई जवाफदेही बनाउने ।
- क्षेत्रीय, उपक्षेत्रीय र विश्वस्तरका नागरिक मञ्च, संजाल तथा अभियानहरुमा संग्लग्न हुने ।
- नागरिक संगठनहरुका योगदानहरुको समीक्षा गर्ने ।
- अध्ययन, अनुसन्धान, अभिलेख तथा प्रकाशनका कार्यहरु मार्फत ज्ञान ब्यवस्थापन गर्ने ।

## २७. दिगो विकास मञ्चमा को सहभागी हुन सक्छन् ?

दिगो विकास मञ्च एक खुला मञ्च हो र यो खुकुलो संजालको रुपमा रहेको छ । तसर्थ, दिगो विकासमा योगदान दिन चाहने कुनै पनि संस्था, संजाल, प्राज्ञ, प्राविधिक, विशेषज्ञ र ब्यक्ति यस मञ्चमा संग्लग्न हुन सक्दछन् ।

## २८. दिगो विकास मञ्चको संयोजन कस्ले गर्छ ?

दिगो विकास मञ्च अन्तरगत गरिने कार्यहरुको संयोजन, समन्वय र सहजिकरण गैसस महासंघ नेपालले गर्दै आएको छ । तर, समन्वय कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाउने राष्ट्रिय स्तरका नागरिक संजालहरु, महासंघ तथा गठबन्धनहबीच समन्वय बैठक आयोजना गर्ने गरिएको छ । नागरिक संगठनहरुको भेला वा सम्मेलनहरुले यसलाई दिशा निर्देशन गर्ने गरिएको छ भने गैसस महासंघ नेपालले यस मञ्चको सचिवालयको रुपमा काम गर्दै आएको छ ।

## २९. नेपालको सन्दर्भमा दिगो विकासको लागि मञ्चले निर्धारण गरेको मुख्य लक्षित समुहहरु र बिषयगत क्षेत्रहरु के के हुन् ?

नेपालको बस्तुस्थिति र विकासका सवालहरुलाई मध्य नजर गर्दै दिगो विकास मञ्चले २३ वटा मुख्य लक्षित समुहहरु र १९ वटा बिषयगत क्षेत्रहरु पहिचान गरेको छ । जुन निम्न प्रकारले रहेका छन् ।

## मुख्य लक्षित समुहहरु

१. वालवालिका
२. दलित
३. मधेसी
४. किसान
५. दुर्गम क्षेत्र
६. आदिवासी जनजाति
७. तेस्रो लिंगी र समलिंगी
८. स्थानीय निकायहरु
९. वसाइ आएका गएकाहरु
१०. जेष्ठ नागरिकहरु
११. HIV सहित वाँचेका र प्रभावित भएका
१२. फरक क्षमता भएकाहरु
१३. लघु उद्यमीहरु
१४. गैससहरु
१५. ब्यवसायी र उद्योगी
१६. बैज्ञानिक तथा प्राविधिक समुह
१७. श्रमिक तथा ट्रेड युनियनहरु
१८. शहरी गरीब
१९. सहकारीहरु
२०. संचार
२१. महिला र वालिकाहरु
२२. युवा तथा किशोरहरु
२३. ग्रामीण गरीबहरु

## मुख्य बिषयगत क्षेत्रहरु

१. शिक्षा
२. स्वास्थ्य
३. वतावरण तथा जलवायु
४. कृषि, खाद्य सुरक्षा तथा पोषण
५. खानेपानी सरसफाइ
६. उर्जा
७. दिगो शहर
८. वन
९. जलश्रौत
१०. जमीन
११. बिपद् ब्यवस्थापन
१२. सुशासन
१३. भ्रष्टाचार नियन्त्रण
१४. न्यायमा पहुँच
१५. मानव अधिकार
१६. शान्ति
१७. विकास लगानी
१८. उपभोक्ता हित संरक्षण
१९. लैंगिक न्याय

## ३०. दिगो विकास एजेण्डाको कार्यान्वयन प्रक्रिया नेपाल सरकारले कसरी अगाडि बढाएको छ ?

नेपालमा दिगो विकास एजेण्डा कार्यान्वयन गर्नको लागि राष्ट्रिय योजना आयोग मुख्य सरकारी निकायको रुपमा रहेको छ। दिगो विकास एजेण्डालाई कार्यान्वयन गर्ने सन्दर्भमा १४ औं राष्ट्रिय विकाय योजनामा यसलाई समायोजन गरेको भने बार्षिक नीति, कार्यक्रम तथा बजेट पनि यसलाई समायोजन गरिएको छ। बार्षिक बजेटलाई दिगो विकास लक्ष्यको आधारमा कति विनियोजन गरियो भनी विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्यमा भएको बजेट खर्चको अनुगमन गर्ने भनिएको छ। दिगो विकास एजेण्डामा भएको प्रगति बारे यस बर्ष समीक्षा गरिएको छ र प्रगति प्रतिवेदन तयार गरी संयुक्त राष्ट्र संघ अन्तरगत दिगो विकास सम्बन्धी उच्चस्तरीय राजनीति मञ्च २०१७ को बैठकमा प्रस्तुत गरिएको छ। यसको अतिरिक्त योजना आयोगले दिगो विकास लक्ष्यको बिद्यमान अवस्थाबारे लेखाजोखा गरी आधारस्थिति प्रतिवेदन (Baseline Report) तयार गरेको छ। नेपालको सन्दर्भमा सरकारले ४१४ वटा दिगो विकासका सूचकहरु (अनुसूची २) निर्धारण गरेको छ भने ती सूचकहरुमा आगामी २०३० सम्मको हासिल गर्ने लक्ष्यहरु समेत निर्धारण गरिएको छ।

## ३१. दिगो विकास एजेण्डा कार्यान्वयन गर्न सरकारले कस्तो संस्थागत संरचना बनाएको छ ?

दिगो विकास एजेण्डा कार्यान्व्यनको लागि संघीय सरकारले राष्ट्रिय तहमा तीनवटा उच्चस्तरीय समितिहरु गठन गर्ने ब्यवस्था गरेको छ। पहिलो, राष्ट्रिय निर्देशन समिति जसको अध्यक्षता प्रधानमन्त्रीज्यूले गर्नु हुन्छ। उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्री, परराष्ट्र मन्त्री, मुख्य सचिव र राष्ट्रिय योजना आयोगका सचिव रहने ब्यवस्था गरेको छ।

दोश्रो समितिलाई कार्यान्वयन, समन्वय तथा अनुगमन समिति भनिएको छ। उक्त समितिको अध्यक्षता राष्ट्रिय योजना आयोगको उपाध्यक्षले गर्नु हुन्छ, भने उक्त समि( तिमा, अर्थ ब्यवस्था हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य, अर्थ मन्त्रालयका सचिव, परराष्ट« मन्त्रालयका सचिव, चेम्बर अफ कमर्श, उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघका अध्यक्षहरु रहने ब्यवस्था गरेको छ। आर्थिक ब्यवस्थापन विभागका सहसचिव यस समितिको सदस्य सचिव रहनु हुनेछ। उपरोक्त समितिहरुमा नागरिक

समाज र अन्य सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने भनिएको छ ।

यसको अतिरिक्त सरकारले नौंवटा बिषयगत कार्यमुलक समितिहरु बन्ने ब्यवस्था गरि एको छ । प्रत्येक कार्यमुलक समितिको संयोजकको रुपमा राष्ट्रिय योजना आयोगका सम्बन्धित सदस्य रहने ब्यवस्था गरिएको छ । समितिहरु यस बमोजिम छन् । यी बिषयगत समितिहरुमा सम्बन्धित मन्त्रालयहरु, निजी क्षे, नागरिक समाज र योजना आयोगका वरिष्ठ कर्मचारीहरु रहने ब्यवस्था गरिएको छ ।

१) आर्थिक विकास

२) औद्योगिका विकास

४) शहरी विकास

५) सामाजिक विकास

६) कृषि, जलवायु तथा वातावरण

७) रोजगार ब्यवस्थापन

८) पूर्वाधार विकास

९) उर्जा विकास

१०) शान्ति, न्याय र समावेशी संस्था

## ३२. विकासका सूचकहरुमा नेपालको अवस्था के छ ? र सन् २०३० सम्मको राष्ट्रियतहमा निर्धारित लक्ष्यहरु के रहेको छ ?

नेपालमा दैनिक १.२५ अमेरिकी डलर भन्दा कम आम्दानी हुनेहरुको जनसंख्या २३.७ प्रतिशत रहेको छ भने सन् २०३० त्यसलाई ५ प्रतिशत भन्दा कममा झार्ने र प्रति ब्यक्ति आय २५०० अमेरिकी डलर पुर्‍याउने लक्ष्य राखिएको छ ।

कुपोषणको दर ३६.१ प्रतिशत रहेकोमा त्यसलाई झारेर ३ प्रतिशत पुर्‍याउने र कमतौल भएका वालवालिकाको दर २७ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ ।

मातृमृत्युदर प्रति एक लाख २५८ रहेकोमा ६९ मा झार्ने लक्ष्य राखिएको छ ।

प्राथमिक बिद्यालयमा विद्यार्थी भर्ना दर ९६.६ प्रतिशत रहेकोमा ९९.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। भने माध्यमिक तहमा हालको ५६.७ प्रतिशतबाट ९९ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ।

लैंगिक असमानता सूचकांक ०.४९ रहेकोमा त्यसलाई ०.०५ पुऱ्याउने लक्ष्य राखिएको छ। भने राष्ट्रिय संसदमा २९.५ प्रतिशत महिला सांसदहरु रहेकोमा त्यसलाई ४० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। सार्वजनिक सेवा निर्णायक तहमा महिलाहरुको उपस्थिति २ प्रतिशत रहेकोमा त्यसलाई ७.५ प्रतिशत पुऱ्याउने।

आधारभूत खानेपानीको आपूर्ति ८७ प्रतिशतबाट ९९ प्रतिशतमा पुऱ्याउने। पाइप प्रणालीबाट खानेपानी पहुँच भएका ४९.५ प्रतिशतबाट ९० पुऱ्याउने। ६७.६ प्रतिशत मानिसहरुले शौचालय प्रयोग गर्दै आएकोमा त्यसलाई ९८ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखिएको छ।

बिद्युतमा पहुँच हुनेहरु ७४ प्रतिशत रहेकोमा त्यसलाई ९९ प्रतिशत सम्म पुऱ्याउने लक्ष्य राखिएको छ। खाना पकाउने ग्यास प्रयोगकर्ता १८ प्रतिशत रहेमा त्यसलाई ३९ प्रतिशत पुऱ्याउने।

प्रति ब्यक्ति कूल ग्राहस्थ उत्पादन २.३ प्रतिशतबाट ७ प्रतिशतमा कायम राख्ने। कृषि क्षेत्रको बृद्धि ०.८ प्रतिशतबाट ५ प्रतिशत सम्म पुऱ्याउने। युवा बेरोजगार ३५.८ प्रतिशतबाट १० प्रतिशतमा झार्ने।

सडकको घनत्व ०.४४ कि.मि प्रति वर्ग कि.मि. बाट १.५० पुऱ्याउने। कूल ग्राहस्थ उत्पादनमा औधोगिक क्षेत्रको अंश १५ प्रतिशत रहेकोमा त्यसलाई २५ प्रतिशत पुऱ्याउने।

उपभोग असमानता ०.३३ रहेकोमा त्यसलाई ०.१६ मा झार्ने। त्यसैगरी आय असमानता ०.४६ रहेकोमा ०.२३ मा झार्ने।

सुरक्षित घरमा बस्ने परिवारहरु २९.८ रहेकोमा ६० प्रतिशत पुऱ्याउने। सुरक्षित सडक ०.१ प्रतिशत रहेकोमा ५० प्रतिशत पुऱ्याउने।

जैविक इन्धन उर्जा उपभोग १२.५ प्रतिशत रहेकोमा त्यसलाई १५ प्रतिशतमा सिमित गर्ने। खाद्य ह्रास सूचांक १० प्रतिशत रहेकोमा त्यसलाई २ प्रतिशतमा झार्ने।

विभिन्न श्रोतबाट बार्षिक रुपमा उत्पादन हुने कार्वनडाइअक्साइडलाई ०.१० मेट्रिक टन प्रति ब्यक्ति रहेकोमा त्यसलाई ०.०५ मा झार्ने । १७५ वटा जलवायु स्मार्ट गाउँ बनाउने । सबै बिद्यालयहरुमा जलवायु परिवर्तन बारे शिक्षा दिने ।

सामुदायिक वनले ढाकेको क्षेत्र ३९ प्रतिशतबाट ४२ प्रतिशत पुऱ्याउने । कूल जमिनमा आरक्षण क्षेत्रले आगेटेको क्षेत्र २३ प्रतिशत रहेकोमा त्यसलाई २३.३ प्रतिशत पुऱ्याउने । वननाशको दर १.९० रहेकोमा त्यसलाई शुन्य मा झार्ने ।

सशस्त्र तथा हिंसात्मक घटनाबाट मृत्यु हुनेको संख्या १६२८ रहेकोमा त्यसलाई ० मा झार्ने । वाल विवाहको दर ४८.८ प्रतिशत रहेकोमा त्यसलाई शुन्यमा झार्ने । सार्वजनिक तहमा पारदर्शिता, जवाफदेहिता तथा भ्रष्टाचार सूचांक ३ रहेकोमा त्यसलाई ५ पुऱ्याउने । सार्वजनिक प्रशासनको गुणस्तर सूचांक ३.१० रहेकोमा त्यसलाई ५ पुऱ्याउने । जन्म दर्ता दर ५८.१ बट १०० प्रतिशत पुऱ्याउने ।

कूल ग्राहष्ठ उत्पादनमा सरकारी राजस्वको अंश १९.१ प्रतिशत रहेकोमा त्यसलाई ३० प्रतिशत पुऱ्याउने । कूल राष्ट्रिय बजेटमा वैदेशिक सहायताको अंश १५ प्रतिशत रहेकोमा त्यसलाई १८ प्रतिशत पुऱ्याउने । कूल ग्राहष्ठ उत्पादनमा वैदेशिक लगानीको अंश २.७ प्रतिशत रहेकोमा त्यसलाई २० प्रतिशत सम्म पुऱ्याउने लक्ष्य रहेको छ ।




# अनुसूची १

## दिगो विकास लक्ष्यहरु तथा निर्दिष्ट लक्ष्यहरुको विवरण

## लक्ष्य १. सबै ठाउँबाट सबै किसिमका गरिबीको अन्त्य गर्ने

१.१. सन् २०३० सम्ममा चरम गरिबी अर्थात हालको मापन अनुसार दिनको १.२५ डलरभन्दा कममा बाँच्नुपर्ने अवस्थाको अन्त्य गर्ने

१.२. सन् २०३० सम्ममा राष्ट्रिय परिभाषा अनुसार गरिबी र यसका सबै आयाममा बाँचिरहेका पुरुष, महिला तथा सबै उमेरका बालबालिकाहरुको अनुपात कम्तीमा आधाले घटाउने

१.३. राष्ट्रिय स्तरमा सबैका लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरु लागू गर्ने र सन् २०३० सम्ममा गरिब र जोखिममा परेकाहरुलाई सामाजिक सुरक्षाको दायरा भित्र समेट्ने

१.४. सन् २०३० सम्ममा सबै पुरुष तथा महिला विशेषगरी गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको आर्थिक स्रोतहरूमाथि समान अधिकार सुनिश्चित गर्नका साथै आधारभूत सेवामा पहुँच तथा भूमि र अन्य प्रकारका सम्पत्ति, उत्तराधिकार, प्राकृतिक स्रोतहरू, उपयुक्त नयाँ प्रविधि र वित्तीय सेवा, लघुवित्त लगायतमा स्वामित्व र नियन्त्रण सुनिश्चित गर्ने

१.५. सन् २०३० सम्म गरिब तथा जोखिमपूर्ण स्थितिमा रहेका जनसंख्याको विपद् तथा अन्य प्रतिकुल परिस्थितीको सामना गर्नसक्ने क्षमता विकास गर्ने र वातावरणसम्बन्धी चरम विपत्तिजन्य प्रकोप तथा अन्य आर्थिक सामाजिक र पर्यावरणीय प्रकोपहरुबाट उनीहरुलाई हुनसक्ने नकारात्मक असरलाई कम गर्दै उनीहरुको सवलीकरण गर्ने

१.क. विकासोन्मुख देशहरु अझ खासगरी अतिकम विकसित देशहरुका लागि गरिबी र यसका सबै आयामलाई अन्त्य गर्ने कार्यक्रम र नीतिहरु लागू गर्न पर्याप्त साधन र स्रोतको उपलब्धता सुनिश्चित गर्ने । यसका लागि विकास सहायता तथा अन्य उपलब्ध सबै साधनस्रोतको उचित परिचालन गर्ने

१.ख.	गरिबी अन्त्य गर्ने कार्यहरुमा बढी भन्दा बढी लगानी प्रवर्धन गर्न गरिबमुखी र लैङ्गिकमैत्री विकास रणनीतिमा आधारित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा स्पष्ट नीतिगत खाका तर्जुमा गर्ने




## लक्ष्य २. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्नेभोकमरीको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने

२.१.	सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने तथा सबै नागरिक खासगरी शिशु लगायत गरिब र जोखिमपूर्ण स्थितिमा रहेकाहरुलाई वर्षभरि नै सुरक्षित, पौष्टिक र पर्याप्त खाद्यको पहुँच सुनिश्चित गर्ने

२.२.	सन् २०३० सम्ममा सबैखाले कुपोषणको अन्त्य गर्ने र २०२५ सम्म ५ वर्ष मुनिका बालबालिकाहरुमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोगसम्बन्धी अन्तर्राष्ट्रिय लक्ष्य हासिल गर्ने तथा किशोरी, गर्भवती र सुत्केरी महिला र वृद्धवृद्धाहरुको पोषणसम्बन्धी आवश्यकता सम्बोधन गर्ने

२.३.	सन् २०३० सम्ममा साना किसानहरु खासगरी महिला, जनजाती, मछुवा, पशुपालकहरुको उत्पादनमूलक साधन र श्रोतहरु, ज्ञान, वित्तीय सेवा, बजार र अवसर मार्फत गैह्र कृषि रोजगारीका लागि भूमिमाथि सुरक्षित र समान पहुँच मार्फत कृषि उत्पादकत्व तथा आय दोब्बर गर्ने

२.४.	सन् २०३० सम्ममा दिगो खाद्य उत्पादन प्रणाली सुनिश्चित गर्न उत्पादकत्व र उत्पादन वृद्धि गर्ने, पर्यावरणीय प्रणाली कायम राख्न मद्दत गर्ने, जलवायु परिवर्तन, मौसमी विपत्त, खडेरी, बाढी र अन्य विपद सामना गर्ने क्षमता बढाउने र बिस्तारै भूमि र माटो गुणस्तर सुधार गर्दै बलियो कृषि अभ्यासहरू लागू गर्ने

२.५.	२०२० सम्ममा बीउ, विकासे बिरुवाहरु तथा पशुपालन र घरपालुवा जनावरहरु र तिनीहरूसँग सम्बन्धित जंगली प्रजातिहरुको व्यवस्थित र

विविध बीउ र बोट बैंकको व्यवस्था मार्फत राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा आनुवंशिक विविधता कायम राख्ने र अन्तर्राष्ट्रिय सहमति अनुसार परम्परागत ज्ञानबाट खडा भएको आनुवंशिक श्रोतको उपयोग र सम्बद्ध लाभका साथै निष्पक्ष र बराबर साझेदारी माथिको पहुँचको प्रवर्धन गर्ने

२.क. विकासोन्मुख देशहरु मुख्यतः अति कम विकसित देशहरुमा कृषि उत्पादक क्षमता बढाउन, ग्रामीण पूर्वाधार, कृषि अनुसन्धान र विस्तार सेवाहरू, प्रविधि विकास, बोट र पशुधन जीन बैंकमा परिस्कृत अन्तर्राष्ट्रिय सहयोगमार्फत लगानी वृद्धि गर्ने

२.ख. दोहा डेभलेप्मेन्ट राउण्डको कार्यादेश अनुसार सबै प्रकारका कृषि निर्यात अनुदान तथा समान प्रभाव भएको सबै निर्यात उपायको समान उन्मुलनका साथै विश्व कृषि बजारमा व्यापार प्रतिबन्धहरु सच्याउने र रोक्ने

२.ग. चरम खाद्यान्न मूल्य अस्थिरतालाई कम गर्न खाद्यवस्तुको बजार र तिनको उत्पादनको उचित परिचालन र खाद्यान्नको वचत र बजार जानकारीमाथिको पहुँचका लागि विभिन्न उपाय अपनाउने

३ राम्रो स्वास्थ्य

## लक्ष्य ३. सबै उमेर समुहका व्यक्तिका लागिस्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

३.१. सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदर लाई हरेक १००,००० जीवित जन्ममा ७० भन्दा तल झार्ने

३.२. सन् २०३० सम्ममा ५ वर्ष मुनिका रक्षा गर्न सकिने नवजात शिशु तथा बाल मृत्युको अन्त्य गर्ने । सबै देशले प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्युलाई कम्तीमा १२ र ५ वर्ष भन्दा मुनिका बालमृत्यु दरलाई कम्तीमा २५ मा सीमित राख्ने

३.३. सन् २०३० सम्ममा एड्स, क्षयरोग, मलेरिया तथा अरु उपेक्षित उष्णदेशीय

रोग सम्बन्धी महामारीको अन्त्य गर्ने र हेपाटाईटिस, पानीबाट सर्ने रोगहरु तथा अन्य सरुवा रोगहरुको नियन्त्रण गर्ने

३.४. सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदर रोकथाम र उपचारबाट एक तिहाइले कम गर्ने र मानसिक स्वास्थ्य तथा समृद्ध जीवनको प्रवर्धन गर्ने

३.५. लागूपदार्थ तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार लाई सुदृढ गर्ने

३.६. सन् २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यु तथा घाइतेहरुको संख्यालाई आधा घटाउने

३.७. सन् २०३० सम्ममा यौन तथा प्रजनन्सम्बन्धी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजनको सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा आबद्ध गर्ने

३.८. वित्तीय जोखिम सुरक्षा कायम गर्दै, गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवा र सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधि तथा खोपहरुको उपलब्धता बढाउदै स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्ने

३.९. २०३० सम्ममा हानिकारक रसायन र हावा, पानी तथा माटोको प्रदूषण र संक्रमणका कारण हुने मृत्यु र बिरामी हुनेहरुको संख्या उल्लेख्य मात्रामा घटाउने

३.क. सबै देशमा विश्व स्वास्थ्य संगठनको सुर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी अधिवेशनले तयार पारेको मापदण्ड कार्यान्वयनमा आवश्यकता अनुसार जोड दिन

३.ख. मुख्यतया विकासोन्मुख देशहरुलाई असर गर्ने, सर्ने तथा नसर्ने रोग बिरुद्धका खोप तथा औषधीहरुको अनुसन्धान तथा विकासका लागि सहयोग गर्ने, ट्रिप्स सम्झौता र जनस्वास्थ्य सम्बन्धी दोहा घोषणाको मर्म अनुसार विकासोन्मुख राष्ट्रहरुको अधिकार पुष्टिकालागि बौद्धिक सम्पत्ति अधिकारको व्यापार सम्बन्धी सम्झौतामा रहेका पूर्ण प्रावधानहरुको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकता अनुसार जनस्वास्थ्यको संरक्षण गर्न खासगरि औषधीमा सबैको पहुँच बढाउने

३.ग.	विकासोन्मुख देशहरु विशेषगरी अति कम विकसित तथा साना टापु भएका विकासोन्मुख देशहरुमा स्वास्थ्यकर्मीहरुको भर्ना, विकास र प्रशिक्षणमा उल्लेख्य मात्रामा स्वास्थ्यमा लगानी अभिवृद्धि गर्ने

३.घ.	सबै देशहरू खासगरी विकासोन्मुख देशहरुमा आन्तरिक तथा विश्वव्यापी स्वास्थ्य जोखिमको पूर्व चेतावनी, जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने




## लक्ष्य ४ . सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने

४.१.	सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गरेको सुनिश्चित गर्ने

४.२.	सन् २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होऊन् भन्नका लागि गुणस्तरीय बाल विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने

४.३.	सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा विश्वविद्यालय लगायत उच्च शिक्षामा सबै महिला र पुरुषको समान पहुँच सुनिश्चित गर्ने

४.४.	सन् २०३० सम्ममा रोजगारी, मर्यादित काम तथा उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सिप लगायतका सान्दर्भिक सिपहरू हासिल गरेका युवा तथा प्रौढहरूको संख्यामा उल्लेख्य वृद्धि गर्ने

४.५.	सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र सङ्कटासन्न बालबालिका लगायत सङ्कटासन्न अवस्थामा रहेका सबैका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित गर्ने

४.६. सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढहरूले साक्षरता र गणितीय सिप हाँसिल गरेको सुनिश्चित गर्ने

४.७. सन् २०३० सम्ममा सबै सिकारुले दिगो विकासका लागि शिक्षा र दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृतिको प्रवर्धन, विश्व नागरिक र सांस्कृतिक विविधता तथा दिगो विकासमा संस्कृतिको योगदानको प्रशंसा इत्यादि मार्फत दिगो विकासको प्रवर्धनका लागि आवश्यक ज्ञान र सिप सुनिश्चित गर्ने

४.क. शैक्षिक सुविधाहरू बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण तथा थप गर्ने र सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण उपलब्ध गराउने

४.ख. सन् २०२० सम्ममा विकासशील देशहरू खास गरी अति कम विकसित देशहरू, विकासशील साना टापु राज्यहरू र अफ्रिकी देशहरूका लागि विकसित देशहरू र अन्य विकासशील देशहरूमा व्यावसायिक तालिम र सूचना तथा सञ्चार प्रविधि, प्राविधिक, इन्जिनियरिङ र विज्ञानसँग सम्बन्धित कार्यक्रमहरू लगायतका उच्च शिक्षामा भर्नाका लागि विश्वव्यापी रूपमा छात्रवृत्तिको संख्यामा उल्लेख्य विस्तार गर्ने

४.ग. सन् २०३० सम्ममा विकासशील मुलुकहरु, विशेषगरी अति कम विकसित देशहरू र विकासशील साना टापु राज्यहरूमा अन्तर्राष्ट्रिय सहयोगमार्फत शिक्षकलाई तालिम उपलब्ध गराइ योग्य शिक्षकहरूको आपूर्तिमा उल्लेख्य वृद्धि गर्ने

## लक्ष्य ५. लैङ्गिक समानता हासिलगर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

५.१. महिला, किशोरी र बालिकाविरुद्ध हुने सबै प्रकाका भेदभावको अन्त्य गर्ने

५.२. मानव बेचबिखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी

क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने

५.३. बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरुको उन्मूलन गर्ने

५.४. सार्वजनिक सेवा, पूर्वाधार र सामाजिक सुरक्षा नीति तथा घर परिवार भित्रको साझा जिम्मेवारी प्रवर्धन गरिहरेक देश अनुसारको बेतलबी तथा घरेलु श्रमको मूल्य पहिचान गर्ने

५.५ राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरुको पूर्ण प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने

५.६. जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन र बेइजिङ कार्ययोजना तथा तिनका समीक्षा भेलाका निष्कर्ष र त्यससम्बन्धी दस्ताबेज बमोजिम यौन र प्रजनन् स्वास्थ्यको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने

५.क. महिलाहरुलाई भूमि तथा अन्य सम्पत्ति, वित्तीय सेवा, उत्तराधिकार र प्राकृतिक स्रोतहरूमा पहुँच र नियन्त्रणसहित आर्थिक स्रोतहरूमा समान अधिकार प्रदान गर्न राष्ट्रिय कानून अनुसार सुधारका कदमहरू चाल्ने

५.ख. महिला सशक्तिकरण प्रवर्धन गर्न सहयोगी हुने प्रविधिहरु खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोग बढाउने

५.ग. लैङ्गिक समानताको प्रवर्धन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तिकरणका लागि प्रभावकारी नीति तथा अवलम्बन गर्न सकिने कानून तर्जुमा गर्ने




**लक्ष्य ६ : सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने**

६.१. सन् २०३० सम्ममा सबैको खर्चले धान्न सक्ने लागतमा सबैको लागि समता( मूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने

६.२. सन् २०३० सम्ममा सबैका लागि प्रर्याप्त सरसफाइ र स्वच्छतामा समतामुलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने । यस क्रममा, महिला, बालिका, किशोरी तथा अन्य संकटासन्न अवस्थामा रहेकाहरुको आवश्यकतालाई विशेष ध्यान दिने

६.३. सन् २०३० सम्ममा प्रदुषण कम गरेर, जतातते फोहोर फ्याक्ने प्रवृत्ति हटाएर, खतरनाक रसायन एवम् अन्य सामग्रीको न्यूनीकरण गरेर पानीको गुणस्तर सुधार गर्ने, विश्वब्यापीरुपमा प्रशोधन नगरिएको फोहोर पानीको मात्रालाई आधा गर्ने तथा उल्लेख्य मात्रामा प्रशोधन गर्ने र सुरक्षित रुपमा पुनः प्रयोग गर्ने

६.४. सन २०३० सम्ममा पानीको अभावलाई सम्बोधन गर्न तथा पानीको अभाव भ्mेलिरहको जनसंख्यालाई उल्लेख्य रूपमा घटाउन सबै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दिगो निष्काशन तथा आपूर्ति गर्ने

६.५. सन् २०३० सम्ममा सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्ने, उपयुक्त भएसम्म यो कार्य अन्तरसीमा सहयोगमार्फत गर्ने

६.६. सन २०२० सम्ममा हिमाल, पहाड, वन जंगल, सिमसार, नदी, भूमिगत जलभण्डार र ताल तलैया लगायतका पानीसँग सम्बन्धित पर्यावरणीय अन्तर निर्भरताको संरक्षण र पुनर्स्थापना गर्ने

६.क. २०३० सम्ममा विकासोन्मूख मुलुकहरुको खानेपानी र सरसफाइ सम्बन्धी कार्यक्रम र क्रियाकलापहरु जस्तै आकाशे पानी संङ्कलन, निर्मलीकरण, जल कुशलता, प्रदुषित पानी प्रशोधन, पुन चक्रण तथा पुन प्रयोग प्रविधिहरूको लागि क्षमता अभिवृद्धि र अन्तर्राष्ट्रिय सहयोग बिस्तार गर्ने

६.ख. पानी र सरसफाइ व्यवस्थापनको लागि स्थानीय समुदायको सहभागितालाई सुदृढ गर्न सहयोग गर्ने

## लक्ष्य ७. सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

७.१. सन् २०३० सम्ममा किफायती, विश्वसनीय र आधुनिक उर्जाका सेवाहरुको विश्वव्यापी पहुँच सुनिश्चित गर्ने

७.२. सन् २०३० सम्ममा विश्वव्यापी उर्जा मिश्रणमा नवीकरणीय उर्जाको हिस्सालाई उल्लेख्य मात्राले वृद्धि गर्ने

७.३. सन् २०३० सम्ममा विश्वव्यापी उर्जा दक्षता सुधारको दरलाई दोब्बर गर्ने

७.क. सन् २०३० सम्ममा स्वच्छ उर्जाको पहुँच, नवीकरणीय उर्जा प्रविधि, उर्जा दक्षता लगायत उन्नत र स्वच्छ खनिज–ईन्धन उर्जा प्रविधिमा अन्तर्राष्ट्रिय सहयोग बढाउने तथा उर्जा पूर्वाधार र स्वच्छ उर्जाको क्षेत्रमा लगानी अभिवृद्धि गर्ने

७.ख. २०३० सम्ममा विकासोन्मूख राष्ट्रहरु, विषेशगरी अति कम विकसित देशहरु, सानाटापु विकासोन्मुख देशहरु, र भूपरिवेष्ठित विकासोन्मूख देशहरुमा सञ्चालित कार्यक्रम अनुरुप आधुनिक र दिगो उर्जा सेवाको आपूर्ति गर्न पूर्वाधार विस्तार गर्ने तथा प्रविधिको प्रवर्धन गर्ने

## लक्ष्य ८ : भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

८.१. राष्ट्रिय अवस्था अनुसार प्रति व्यक्ति आर्थिक वृद्धि कायम राख्ने र विषेशगरी अति कम विकसित देशहरुमा कम्तीमा वार्षिक ७ प्रतिशत कूल ग्राहस्थ

उत्पादन वृद्धि गर्ने

८.२. उच्च प्रतिफल दिने र बढी श्रममूखी क्षेत्रमा ध्यान दिंदै विविधिकरण, प्राविधिक स्तरोन्नति र नवीनता मार्फत उच्च स्तरीय आर्थिक उत्पादकत्व हासिल गर्ने

८.३. उत्पादक गतिविधिहरु, मर्यादित कामको सिर्जना, उद्यमशीलता, रचनात्म( कता र नवीनतालाई सघाउने विकास नीतिहरूलाई प्रवर्धन गर्ने र वित्तीय सेवाहरुमा पहुँच लगायत लघु, साना तथा मझौला उद्यमको वृद्धिलाई प्रोत्साहन गर्ने

८.४. सन् २०३० सम्ममा उपभोग र उत्पादनमा विश्वव्यापी स्रोतको मितव्ययितालाई क्रमिकरूपमा सुधार गर्ने र विकसित देशहरुको नेतृत्वमा दिगो उपभोग र उत्पादनसम्बन्धी कार्यक्रमको १० वर्षे रुपरेखा अनुसार पर्यावरण विनाशविनाको आर्थिक वृद्धि सुनिश्चित गर्न प्रयत्न गर्ने

८.५. सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्ति लगायत सबै महिला र पुरुषका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित काम र समान प्रकृतिको कामका लागि समान ज्याला हासिल गर्ने

८.६. सन् २०२० सम्ममा रोजगारी, शिक्षा वा तालिम नपाएका युवाको अनुपातलाई उल्लेख्य रुपमा कम गर्ने

८.७. वाध्यकारी श्रम, आधुनिक दासत्व र मानव तस्करी उन्मूलन गर्न तत्कालिक र प्रभावकारी उपायहरु अपनाउने र बाल सैनिकहरुको प्रयोग र भर्ति लगायत सबै प्रकारका बाल श्रमलाई सन् २०२५ सम्ममा निषेधित एवम् निर्मुल गर्ने

८.८. आप्रवासी कामदारहरु र त्यसमा पनि खासगरी महिला आप्रवासीहरु र अनिश्चित वा असुरक्षित रोजगारी भएका कामदारहरुको श्रम अधिकारको सुरक्षा गर्ने र सुरक्षित काम गर्ने वातावरणको प्रवर्धन गर्ने

८.९ सन् २०३० सम्ममा दिगो पर्यटनको प्रवर्धन गर्ने नीतिहरु तर्जुमा गरी लागू गर्ने जसबाट रोजगारी सिर्जना गर्नुका साथै स्थानीय संस्कृति र उत्पादनको प्रवर्धन गर्ने

८.१०. बैंकिङ, बीमा तथा वित्तिय सेवामा सबैको पहुँच विस्तार र प्रोत्साहन गर्न स्थानीय वित्तिय संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने

८.क. अति कम विकसित देशहरुलाई प्रदान गरिने प्राविधिक सहायतासम्बन्धी एकीकृत विस्तारित रुपरेखा मार्फत विकासोन्मूख देशहरु, खासगरी अति कम विकसित देशहरुको व्यापार प्रवर्धनको लागि सहायतालाई वृद्धि गर्ने

८.ख. सन् २०२० सम्ममा युवा रोजगारीका लागि विश्वव्यापी रणनीतिको विकास र संचालन गर्ने र अन्तर्राष्ट्रिय श्रम संगठनको विश्व रोजगारी सम्झौतालाई लागू गर्ने




## लक्ष्य ९ : उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

९.१. आर्थिक विकास र मानव समृद्धि हासिल गर्न सबैका लागि किफायती र समतामूलक पहुँच हुनसक्ने गुणस्तरीय, दिगो, उत्थानशिल र भरपर्दो क्षेत्रीय तथा अन्तरदेशीय पूर्वाधारको निर्माण गर्ने

९.२. समावेशी र दिगो औद्योगीकरणको प्रवर्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय अवस्था अनुसार रोजगारी र कूल ग्राहस्थ उत्पादनमा उद्योगको अंशलाई उल्लेख्य मात्रामा वृद्धि गर्ने र अति कम विकसित देशहरुमा त्यसको अंश दोब्बर गर्ने

९.३. उचित मूल्यमा ऋण कर्जा लगायतका वित्तीय सेवाहरुमा विकासोन्मुख देशका लघु उद्योग तथा अन्य उद्यमहरुको पहुँच वृद्धि गर्ने र मूल्य श्रृंखलाका सबैतह तथा बजारमा तिनको समायोजन गर्ने

९.४. २०३० सम्ममा सबै देशहरुमा आ-आफ्नो सम्बन्धित क्षमता अनुसार साधनश्रोत उपयोग दक्षतालाई बढाउने र सफा तथा पर्यावरण प्रविधिहरुलाई अझै बढी अपनाएर पूर्वाधारको स्तरवृद्धि गर्ने र उद्योगहरुलाई दिगो बनाउन पुनःसंयोजन गर्ने

९.५. सबै देशहरु खासगरी विकासोन्मुख देशहरुमा वैज्ञानिक अनुसन्धानलाई वृद्धि गर्ने तथा उद्योग क्षेत्रहरुको प्राविधिक क्षमताको अभिवृद्धि गर्ने र सन् २०३०

सम्ममा नवीन खोजको प्रोत्साहन गरेर प्रति १० लाख व्यक्तिहरुमा अनुसन्धान र विकास कामदारहरु तथा सार्वजनिक वा निजी अनुसन्धान र विकास कार्य खर्च उल्लेख्य मात्रामा वृद्धि गर्ने

९.क. अफ्रिकी, अति कम विकसित, भूपरिवेष्ठित विकासोन्मूख र साना टापु भएका विकासोन्मुख देशहरुमा विस्तारित वित्तीय, प्राविधिक या प्राविधिक सहयोगद्वारा दिगो र बलियो पूर्वाधार विकासको लागि सहजीकरण गर्ने

९.ख. विकासोन्मुख देशहरुमा औद्योगिक विविधीकरण र वस्तुहरुको मूल्य श्रृंखला अभिवृद्धि र वातावरण अनुकुल नीतिको सुनिश्चितता गरेर घरेलु प्रविधिको विकास, अनुसन्धान र नवीन खोजलाई सहयोग गर्ने

९.ग. सूचना र सञ्चार प्रविधिको पहुँचमा उल्लेख्य वृद्धि गर्ने र अल्प विकसित देशहरुमा कम्तिमा पनि २०२० सम्ममा सबैले खर्च धान्न सक्ने गरी इन्टरनेटमा पहुँच उपलब्ध गराउन प्रयास गर्ने




## लक्ष्य १० : मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

१०.१. सन् २०३० सम्ममा आर्थिक हिसावले सबैभन्दा तल रहेको ४० प्रतिशत जनसंख्याको आय वृद्धि दर राष्ट्रिय औसतभन्दा उच्च हासिल गर्ने र त्यसलाई कायम राख्ने

१०.२. सन् २०३० सम्ममा जुनसुकै उमेर, लिंग, अपाङ्गता, वर्ण, जाति, उत्पत्ति, धर्म, आर्थिक वा अन्य जुनसुकै स्थिति भएपनि सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणलाई प्रवर्धन गर्ने र त्यसलाई सशक्त पार्ने

१०.३. विभेदपूर्ण कानून, नीति र प्रचलनको अन्त्य तथा त्यससम्बन्धी उपयुक्त कानून, नीति र प्रचलनको प्रवर्धन मार्फत समान अवसर सुनिश्चित गर्ने तथा परिणाममा असमानता न्यूनीकरण गर्ने

१०.४ आर्थिक, ज्याला र सामाजिक सुरक्षा नीतिहरुलाई अपनाउने र व्यापक समानता हासिल गर्ने

१०.५. विश्व वित्तीय बजार र संस्थाहरूको विनियमन र अनुगमनको सुधार गर्ने र त्यस्ता अनुगमनहरुको कार्यान्वयनलाई सुदृढ बनाउने

१०.६. अन्तर्राष्ट्रिय आर्थिक र वित्तीय संस्थाहरूमा निर्णय कार्यलाई अझै बढी प्रभावकारी, विश्वसनीय, जवाफदेही र वैध संस्थाको स्थापना गर्न विकासोन्मूख देशहरुमा सुदृढ प्रतिनिधित्व र आवाजलाई सुनिश्चित गर्ने

१०.७. योजनावद्ध र व्यवस्थित आप्रवास नीतिहरूको कार्यान्वयन मार्फत मानिसहरुको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवार आप्रवासन र आवतजावत सहज बनाउने

१०.क. विश्व व्यापार संगठनको सम्झौता अनुसार विकासोन्मुख देशहरु खासगरी अति कम विकसित देशहरुमा विशेष र सहुलियती उपचारको सिद्धान्त लागू गर्ने

१०.ख. आवश्यकता अनुरुप अति कम विकसित देशहरु, अफ्रिकी देशहरु, साना टापू भएका विकासोन्मूख राज्यहरु तथा भूपरिवेष्ठित विकासोन्मुख देशहरुमा उनीहरुको राष्ट्रिय योजना र कार्यक्रम अनुसार प्रत्यक्ष विदेशी लगानी लगायत औपचारिक विकास सहायता र वित्तिय प्रवाहको प्रोत्साहन गर्ने

१०.ग. सन् २०३० सम्ममा आप्रवासी विप्रेषणको कारोबार लागतलाई ३ प्रतिशत भन्दा कम गर्ने र ५ प्रतिशत भन्दा बढी लागत लाग्ने विप्रेषण मार्गहरुलाई हटाउने




## लक्ष्य ११ : शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने

११.१. सन् २०३० सम्ममा सवैलाइ धान्न सक्ने, सूरक्षित र प्रयाप्त मात्रामा आवास तथा आधारभूत सेवाहरुमो पहुँच सुनिश्चित गर्ने तथा अव्यवस्थित बस्तीहरुको स्तरोन्नति गर्ने

११.२. सन् २०३० सम्ममा सबैको लागि सुरक्षित, धान्न सकिने, सुलभ र

दिगो यातायात प्रणलीमा पहुँच प्रदान गर्ने तथा महिला, बालबालिका, अपांगता भएका ब्यक्ति र बृद्धलगायत अरु जोखिममा परेका व्यक्तिहरुका आवश्यकतालाई विशेष ध्यान दिदै उल्लेखनीय किसिमले सडक सुरक्षा सुधार गर्न सार्वजानिक यातायत विस्तार गर्ने

११.३. सन् २०३० सम्ममा सबै मुलुकमा समावेशी र दिगो शहरीकरण तथा सहभागितामूलक एकीकृत र दिगो मानव वस्तीको योजना र व्यवस्थापनको लागि क्षमता वृद्धि गर्ने

११.४. विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र सुरक्षण प्रयासहरु सुदृढ गर्ने

११.५. सन् २०३० सम्ममा जल उत्पन्न विपद् लगायत अन्य विपदबाट मृत्यु हुने तथा प्रभावित हुने व्यक्तिहरुको संख्या घटाइ गरिब तथा संकटमा परेका मानिसहरुलाई विशेष ध्यान दिदै विश्वको कुल ग्रायस्थ उत्पादनसित सापेक्षित प्रत्यक्ष आर्थिक घाटालाई उल्लेख्य मात्रामा न्यून गर्ने

११.६. वायुको गुणस्तर, घरेलु र अन्य फोहोर मैला व्यबस्थापन समेतमा विशेष ध्यान दिदै सन् २०३० सम्ममा शहरको प्रति व्यक्ति वातावरणीय प्रतिकुल प्रभावलाई न्यून गर्ने

११.७. सन् २०३० सम्ममा विशेष गरी महिला, बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरु लगायत सवैको लागि सुरक्षित, समावेशी र पहुँचयोग्य, हरित तथा सार्वजनिक खुल्ला ठाउँहरूको पँहुच सर्वसुलभ गर्ने

११.क. शहरी, अर्धशहरी र ग्रामीण क्षेत्रहरुमा सकारात्मक आर्थिक, सामाजिक र पर्यावरणीय सम्बन्धहरुलाई सहयोग गर्न राष्ट्रिय र क्षेत्रीय विकास योजनालाई सुदृढ गर्ने

११.ख. सन् २०२० सम्ममा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाइ रुपरेखा २०१५-२०३० अनुरुप समावेशीकरण, स्रोत कुशलता, र जलवायु परिवर्तनसित अनुकुलन, अल्पिकरण गर्ने र प्रकोप उत्थानशीलता लाई मध्यनजर गरी नीति र योजना बनाएर सबै तहमा विपद् व्यवस्थापन गर्ने शहर तथा मानव वस्तीहरुको संख्या प्रयाप्त वृद्धि गर्ने

११.ग. स्थानीय सामग्रीको उपयोग गरेर दिगो र उत्थानशील भवनहरुको निर्माण गर्न वित्तीय र प्राविधिक सहायता लगायत सहयोग प्रदान गरी कम विकसित मुलुकहरुलाई सहयोग गर्ने

## लक्ष्य १२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१२.१. दिगो उपभोग र उत्पादन प्रतिमानको १० वर्षीय कार्यक्रमको रुपरेखालाई सबै देशहरुले कार्यान्वयन गरेर, विकासोन्मूख देशहरुमा विकास गर्ने र उनीहरुको क्षमतालाई ध्यानमा राख्दै विकसित देशहरुले नेतृत्व लिएर लागू गर्ने

१२.२. सन् २०३० सम्ममा दिगो व्यवस्थापन तथा प्राकृतिक स्रोतको कुशल उपयोग हासिल गर्ने

१२.३. सन् २०३० सम्ममा खुद्रा तथा उपभोक्ता स्तरमा प्रति व्यक्ति खानाको क्षतिलाई आधा गर्ने र उत्पादन, आपूर्ति र अन्न भित्र्याउँदा हुने खाद्यान्नको क्षति कम गर्ने

१२.४. सन् २०२० सम्ममा रसायन र तिनीहरुको जीवन चक्रभरिको सबै फोहोर को राम्रो वातावरणीय व्यवस्थापन, सहमति अनुसारको अन्तर्राष्ट्रिय रुपरेखा अनुसार प्राप्त गर्ने र हावा, माटो वा पानीमा तिनीहरुलाई छोड्ने काम र मानसिक स्वास्थ र वातावरणमा पर्ने प्रतिकुल प्रभाव कम गर्ने

१२.५. सन् २०३० सम्ममा फोहोरजन्य पदार्थलाई रोकथाम, प्रशोधन र पुनःप्रयोगद्वारा पर्याप्त मात्रामा कम गर्ने

१२.६. ठुला तथा अन्तर्राष्ट्रिय कम्पनीहरुलाई वातावरण मैत्री दिगो अभ्यासहरू अपनाउन र उनीहरुले खबर प्रवाह गर्ने क्रममा दिगोपनका बारेको जानकारीलाई समावेश गर्न प्रोत्साहन गर्ने

१२.७. राष्ट्रिय नीति र प्राथमिकता अनुसार दिगो सार्वजनिक खरीद अभ्यासहरूको प्रवर्धन गर्ने

१२.८. सन् २०३० सम्ममा दिगो विकास तथा प्रकृतिसँगको सद्भाव भएको जीवनशैलीबारे सबै मानिसहरुसँग सान्दर्भिक जानकारी र सचेतता सुनिश्चित गर्ने

१२.क. विकासोन्मूख देशहरुको दिगो खपत तथा उत्पादनतर्फ उन्मुख गर्न वैज्ञानिक र प्राविधिक क्षमतालाई बलियो पार्न सघाउने

१२.ख. रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उत्पादनहरुको प्रवर्धन गर्ने, दिगो पर्यटनको लागि दिगो विकासको प्रभाव माथि निगरानी गर्ने उपकरणहरुको विकास र कार्यान्वयन गर्ने

१२.ग. राष्ट्रिय परिस्थिति अनुसार बजार विकृतिलाई हटाउनुका साथै कर निर्धारण, पुनर्गठन र हानिकारक अनुदान भएको ठाउँमा तिनीहरुको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न अपर्याप्त जीवास्मा इन्धन अनुदान योगदानको पुष्टि गर्ने र गरिब तथा प्रभावित समुदायहरुलाई सुरक्षित गर्ने गरी विकासमा पर्ने प्रतिकुल प्रभावलाई कम गर्ने




**लक्ष्य १३ : जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने**

१३.१. सबै राष्ट्रहरुले जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकुलन तथा अनुकुलनको क्षमता अभिवृद्धि गर्ने

१३.२. राष्ट्रिय रणनीति, नीति तथा योजनाहरुमा जलवायु परिवर्तनसम्बन्धी उपायहरु समायोजन गर्ने

१३.३. जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, असर न्यूनीकरण र पूर्व सुचना सम्बन्धी शिक्षामा सुधार गर्ने, चेतना अभिवृद्धिगर्ने र त्यससम्बन्धी मानवीय तथा संस्थागत क्षमता वृद्धि गर्ने

१३.क. विकसित देशका पक्षराष्ट्रहरुले संयुक्त राष्ट्रसंघ जलवायु परिवर्तन महासन्धिमा

(यूएनएफएफसी) प्रतिवद्धता गरे अनुरुप विकासोन्मूख देशहरुको आवश्यकता अनुसार आर्थिक सहयोग सन् २०२० सम्ममा सबै श्रोतबाट प्राप्त हुने बार्षिक १०० अर्ब डलर परिचालन गर्ने र यही सन्दर्भमा अर्थपूर्णरुपमा अल्पीकरणमा पहल र कार्यान्वयनमा पारदर्शिता ल्याउने र हरित जलवायु कोषको यथाशक्य छिटो पूर्णरुपमा सञ्चालन गरी फाइदा लिने

१३.ख. अति कम विकसित देश र साना टापु भएका विकासोन्मुख राज्यहरुका महिला, युवा र स्थानीय जनजाति समुदाय लगाएतलाई प्राथमिकतामा राखेर प्रभावकारी जलवायु परिवर्तनसित सम्बन्धी योजना तर्जुमा र व्यवस्थापनको लागि क्षमता बढाउने संयन्त्रको प्रवर्धन गर्ने

## लक्ष्य १४ : दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने

१४.१. सन् २०२५ सम्ममा समुद्री र रसायनजन्य फोहोरलगायत सबै खाले प्रदुषण, खासगरी भूमिमा आधारित गतिविधिबाट हुने समुद्री प्रदुषणलाई नियन्त्रण र त्यसलाई पर्याप्त मात्रामा कम गर्ने

१४.२. सन् २०२० सम्ममा प्रतिकुल प्रभावबाट टाढा रहन समुद्री र तटीय पर्यायप्रणालीलाई व्यवस्थापन गर्ने र समुद्रलाई स्वस्थ र उर्वर राख्न तिनीहरुको पुर्नस्थापना लागि दिगो व्यवस्थापन र सुरक्षा गर्ने

१४.३. सबै स्तरमा वैज्ञानिक सहयोगमा वृद्धि गर्दै समुद्र तेजाविकरणको प्रभावलाई कम र सम्बोधन गर्ने

१४.४. सन् २०२० सम्ममा अवैध, विना जानकारी, अनियन्त्रित रुपमा र बढि माछा मार्ने कामलाई नियन्त्रण गर्ने र विज्ञानमा आधारित व्यवस्थापन योजना अनुरुप सबैभन्दा कम समयमा सम्भाव्य माछा संचय र तिनीहरुको जैविक विशेषताहरु अनुसार सबभन्दा बढी दिगो उपज उत्पादन र स्तर पुन:स्थापना गर्ने

१४.५. सन् २०२० सम्ममा उपलब्ध वैज्ञानिक जानकारी मध्ये सबैभन्दा उत्तम जानकारीमा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनसित मिल्दो तटीय र समुद्री क्षेत्रमा कमसेकम १० प्रतिशत सुरक्षा गर्ने

१४.६. सन् २०२० सम्ममा क्षमता भन्दा बढी तथा अधिक माछा मार्ने मत्स्य अनुदानको केहि प्रकारलाई निषेध गर्ने, गैर कानूनी, रिपोर्ट नगरिएको र अनियन्त्रित माछा मार्नेलाई योगदान गर्ने अनुदान हटाउने, त्यस्ता नयाँ अनुदानहरुलाई फेरि नल्याउने र विकासोन्मुख र अतिकम विकसित देशहरुका लागि प्रभावकारी विशेष र अन्तर उपचार विश्व व्यापार संगठनको मत्स्य अनुदान वार्ताको एक अभिन्न अंग हुनुपर्छ भनेर पहिचान गर्ने

१४.७. सन् २०३० सम्ममा साना टापु भएका विकासोन्मूख राज्य तथा कम विकसित देशहरुलाई मत्स्य, जलीयकृषि र पर्यटनको दिगो व्यवस्थापन लगायत समुद्री संसाधनको दिगो प्रयोगबाट हुने आर्थिक लाभलाई बढाउने

१४.क. समुद्रको अवस्था सुधार्न र विकासोन्मुख देशहरुको विकास, साना टापु भएका विकासोन्मूख राज्यहरु तथा अति कम विकसित देशहरुमा समुद्री जैविक विविधताको योगदानलाई वृद्धि गर्न सामुद्रिक प्रविधिको हस्तान्तरणमा अन्तर सरकार सामुद्रिक आयोग मापदण्ड र निर्देशिकालाई ध्यानमा राखेर बैज्ञानिक ज्ञानलाई बढाउने, अनुसन्धान क्षमताको विकास गर्ने र सामुद्रिक प्रविधि हस्तान्तरणमा सहयोग गर्ने

१४.ख. परम्परागत सीपको प्रयोग गरेर माछा मार्ने स्थानीयलाई समुद्री संसाधन र बजारको पहुँच प्रदान गर्ने

१४.ग. समुद्रको व्यवस्थामा संयुक्त राष्ट्रसंघीय महासन्धि, जस्ले समुद्र र त्यसका स्रोतहरुको सुरक्षाको लागि अनुच्छेद १५८ मा "हामीले खोजेको भविष्य" को कानूनी रुपरेखा प्रदान गर्छ, र यसमा उल्लेख गरिए अनुसार समुद्र र त्यसका स्रोतहरुको संरक्षण र दिगो प्रयोग वृद्धि गर्ने

## लक्ष्य १५ : स्थलीय पर्यावरणको संरक्षण,पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भुक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१५.१. सन् २०२० सम्म अन्तर्राष्ट्रिय सम्झौता अर्तगतका दायित्व अनुरुप स्थलीय र जलचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरु, खासगरी जंगल, सिमसार, हिमाल तथा सुख्खा भूमिको सुरक्षा, पुनःस्थापना तथा दिगो प्रयोग सुनिश्चित गर्ने

१५.२. २०२० सम्ममा सबै खालको वन जंगलहरुको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रवर्धन गर्ने, वन फडानीमा रोक लगाउने, वनहरुको पुर्नबृक्षारोपण र पुनःस्थापना गर्ने र विश्वव्यापी रुपमा वनको बिस्तार तथा पुर्नबृक्षारोपण उल्लेख्य रुपमा बढाउने

१५.३. सन् २०३० सम्ममा मरुभूमीकरणविरुद्ध लड्ने र खडेरी तथा वाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुऱ्याउने र भूमिह्रास तटस्थ विश्व हासिल गर्ने

१५.४. सन् २०३० सम्ममा दिगो विकासका लागि अत्यावश्यक हिमाली पारिस्थितिकीय प्रणाली क्षमता बढाउन तथा तिनीहरुको जैविक विविधताको संरक्षण सुनिश्चित गर्ने

१५.५. प्राकृतिक वासस्थानको क्षति कम गर्ने र जैविक विविधताको क्षतिलाई रोक्न महत्वपुर्ण कार्यहरु गर्ने र सन् २०२० सम्ममा लोपोन्मुख प्रजातिहरुलाई सुरक्षित गरी तिनीहरुलाई लोप हुनबाट बचाउने

१५.६. आनुवंशिक स्रोतको उपयोगबाट उठेको लाभको निस्पक्ष र बराबरी साझेदारीलाई प्रवर्धन गर्ने र अन्तर्राष्ट्रिय सम्झौता अनुसारका त्यस्ता स्रोतहरुको उपयुक्त पहुँचको प्रवर्धन गर्ने

१५.७. वनस्पति र जीवहरुको सुरक्षित प्रजातिहरुको तस्करी तथा गैर कानूनी शिकार समाप्त गर्न तत्काल जरुरी कदम चाल्ने र अवैध वन्यजन्तु उत्पादनको माग र वितरणलाई सम्बोधन गर्ने

१५.८.२०२० सम्म जमिन र पानीको पर्यायप्रणालीमा वाह्य आक्रामक प्रजातिको आगमनलाई रोक्न र यसको नकारात्मक प्रभावलाई कम गर्ने आवस्यक उपायहरु अवलम्वन गर्ने र प्राथमिकतामा भएका यस्ता प्रकारका मिचाहा प्रजातिहरुको नियन्त्रण वा उन्मुलन गर्ने

१५.९. सन् २०२० सम्ममा स्थानीय योजना, विकास प्रक्रिया, गरिबी न्यूनीकरण रणनीति र विवरणहरुमा पर्याप्रणाली र जैविक विविधतासँग सम्बन्धीत आकडाहरु उल्लेख तथा समायोजन गर्ने

१५.क. जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीहरुको संरक्षण र दिगोरुपमा प्रयोग गर्न सबै साधनश्रोतबाट उपलब्ध वित्तीय स्रोतहरूलाई परिचालन गर्ने र यसको मात्रामा उल्लेख्य वृद्धि गर्ने

१५.ख. दिगो वन व्यवस्थापनका लागि लगानी गर्न तथा विकासोन्मूख देशहरुलाई संरक्षण तथा वृक्षारोपण लगायत अरु व्यवस्थापनका लागि पर्याप्त प्रोत्साहन तथा सहयोग प्रदान गर्न सबै तहमा सबै स्रोतबाट पर्याप्त साधनस्रोत परिचालन गर्ने

१५.ग. संरक्षित प्रजातीहरुको शिकार तथा ओसारपसार विरुद्ध लड्न विश्वव्यापी सहयोग अभिवृद्धि गर्ने र त्यसकालागि दिगो जीवकोपार्जनका अवसरहरुको खोजी गर्न स्थानीय समुदायहरुको क्षमता बढाउने लगायतका कामहरु गर्ने

१६ शान्ति, न्याय र सबल संस्थाहरु

## लक्ष्य १६ : दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

१६.१. सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्यु दर उल्लेख्यरुपमा कम गर्ने

१६.२. दुरुपयोग, शोषण, तस्करी र बालबालिका माथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने

१६.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कानूनी शासन प्रवर्धन गर्ने र सबैको न्यायमा समान पहुँच सुनिश्चित गर्ने

१६.४. २०३० सम्ममा अवैध वित्तीय र हतियार ओसारपसारलाई पर्याप्त रुपमा कम गर्ने, चोरीको सम्पत्ति प्राप्त गरेर फिर्ता गर्ने कार्यलाई बलियो पार्ने तथा सबै खाले संगठित अपराधको अन्त्य गर्ने

१६.५. सबै प्रकारका भ्रष्टाचार र घुसखोरी उल्लेख्य रुपमा कम गर्ने

१६.६. सबै तहमा प्रभावकारी जवाफदेही र पारदर्शी निकायहरू स्थापना गर्ने

१६.७. सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामुलक र प्रतिनिधिमुलक नीति निर्माण सुनिश्चित गर्ने

१६.८. विश्वव्यापी शासन निकायहरुमा विकासोन्मुख देशहरुको सहभागिता विस्तार र सुदृढ गर्ने

१६.९. सन् २०३० सम्म सबैलाई जन्म दर्ता लगायत अन्य कानूनी पहिचान प्रदान गर्ने

१६.१०. राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार सूचनामा सबैको पहुँच र मौलिक स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्ने

१६.क. विकासशील देशहरुमा हिंसा रोक्न र आतंकवाद र अपराध विरुद्ध लड्न अन्तर्राष्ट्रिय सहयो गमार्फत सबै तहमा राष्ट्रिय संस्थाहरुको क्षमता वृद्धि गर्ने

१६.ख. दिगो विकासको लागि अविभेदकारी कानून तथा नीतिको प्रवर्धन गरी लागू गर्ने

## लक्ष्य १७ : दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

### वित्त

१७.१. विकासोन्मुख देशहरुका लागि अन्तर्राष्ट्रिय समर्थनका साथै कर तथा अन्य राजस्व संकलनको घरेलु क्षमतालाई सुधार गर्न घरेलु स्रोतहरुको परिचालन बलियो पार्ने

१७.२. विकसित देशहरुले विकासशील देशहरुको विकासका लागि ब्यक्त प्रतिवद्धता मध्ये उनीहरुको कुल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशतको सहायता सम्बन्धी लक्ष्य हासिल गर्ने लगायत विकासशील देशहरुको लागि औपचारिक विकास सहायता प्रदान गर्ने र विकास सहायता प्रदायकहरुलाई सबभन्दा कम विकशित देशहरुका लागि ०.२० प्रतिशतको लक्ष्य पुरा गर्न प्रोत्साहन गर्ने ।

१७.३. बिभिन्न स्रोतहरुबाट विकासोन्मुख देशहरुका लागि थप बित्तिय स्रोतहरुको परिचालन गर्ने

१७.४. विकासोन्मूख देशहरुका लागि उपयुक्त भए अनुसार ऋण राहत तथा ऋण समायोजनलाई प्रोत्साहन गर्ने र संयोजित नीतिहरूको माध्यमबाट अत्यधिक ऋणी गरिब देशहरूको ऋणको भार कम गर्न बाह्य ऋणलाई सम्बोधन गरेर लामो अवधिको ऋण स्थिरतामा सहयोग गर्ने

१७.५. अति कम विकसित देशहरुका लागि लगानीको प्रबर्धन गर्ने सन्धिहरु अपनाउने र लागू गर्ने

### प्रविधि

१७.६. उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणात्मक क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग तथा विज्ञान प्रविधि र नवीन खोज अनुसन्धानमा पहुँच अभिवृद्धि गर्ने र संयुक्त राष्ट्र संघको तथा विश्वव्यापी तहमा प्रविधिको सुविधा संयन्त्र मार्फत परस्पर

सहमत सर्तहरूमा ज्ञान साझेदारीको वृद्धि गर्ने

१७.७. उपयुक्त शर्तहरुको आधारमा विकासोन्मुख देशहरुलाई आपसी समझदारी र सहुलियत शर्तसहित वातावरणीय रुपमा उपयुक्त प्रविधीहरुको विकास, हस्तान्तरण, प्रवाह र प्रसार प्रवर्धन गर्ने

१७.८. सन् २०१७ सम्ममा अतिकम विकसित देशहरुकालागि प्रविधि बैंक तथा विज्ञान र नवीन खोजसम्बन्धी क्षमता निर्माण गर्ने संयन्त्र पूर्णतया संचालन गर्ने र सक्षम प्रविधि, खासगरी सूचना र सञ्चार प्रविधिको प्रयोगमा वृद्धि गर्ने

**क्षमता विकास**

१७.९. सबै दिगो विकास लक्ष्यलाई उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणात्मक सहयोग मार्फत कार्यान्वयन गर्न विकासोन्मूख देशहरुमा प्रभावकारी र लक्षित क्षमता अभिवृद्धि लागू गर्न अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि गर्न व्यापार पद्धतिगत सवालहरू नीति र संस्थागत सङ्गति बहुसरोकारवालाबीच साझेदारी

**ब्यापार**

१७.१०. दोहा विकास एजेन्डा अन्तर्गत सम्झौताको निष्कर्ष बमोजिम विश्व व्यापार संगठन अन्तर्गत एउटा विश्वव्यापी, नियममा आधारित, खुला, विभेदमुक्त र समतामुलक बहुपक्षीय व्यापार प्रणालीको प्रवर्धन गर्ने

१७.११. सन् २०२० सम्ममा अति कम विकसित देशहरुको विश्वव्यापी निर्यातको हिस्सा दोब्बर गर्नका लागि विकासोन्मूख देशहरुको निर्यात पर्याप्त रुपमा बढाउने

१७.१२. सबै अति कम विकसित देशहरुको लागि दिगो रुपमा विश्व व्यापार संगठनको निर्णयसँग मिल्दो हुने गरी भन्सारमुक्त र कोटामुक्त बजारको पहुँच समयमै कार्यान्वयन गर्न महसुस गराउने र अति कम विकसित देशहरुबाट भएको आयातमा उत्पादन गर्ने मुलुकको नीति लागू हुने र बजार पहुँचको सुविधामा योगदान दिन सहजीकरण गर्ने

**प्रणालीगत विषयहरु**

नीति तथा संस्थागत एकरुपता

१७.१३. नीतिगत समन्वय र नीतिगत एकरुपता मार्फत विश्वव्यापी वृहत अर्थतन्त्रको

स्थिरता वृद्धि गर्ने

१७.१४. दिगो विकासका लागि नीतिगत एकरुपता वृद्धि गर्ने

१७.१५. हरेक देशको गरिबी निवारण र दिगो विकासका लागि नीतिहरु बनाउन र त्यसलाई लागू गर्न अवलम्वन गरिएका नीतिनिर्माणका निकाय तथा नेतृत्वको आदर गर्ने

**बहुपक्षीय साझेदारी**

१७.१६. ज्ञान, विशेषज्ञता, प्रविधि र वित्तीय स्रोतहरूलाई परिचालन गरी बहुपक्षीय साझेदारी मार्फत सबै देशहरु, खासगरी विकासोन्मूख देशहरुमा दिगो विकास लक्ष्यप्राप्तिका लागि विश्वव्यापी साझेदारी वृद्धि गर्ने

१७.१७. विगतका अनुभव र साझेदारीका विभिन्न रणनीतिहरु लाई अझ परिस्कृत गर्दै प्रभावकारी सार्वजनिक, सार्वजनिक-निजी र नागरिक समाजको सहभागितालाई प्रोत्साहन र प्रवर्धन

**तथ्याङ्क, अनुगमन तथा जवाफदेहिता**

१७.१८. सन् २०२० सम्ममा राष्ट्रिय सन्दर्भमा सान्दर्भिक हुनेगरी आय, लिङ्ग, उमेर, जाति, अपाङ्गता, प्रवासी स्थिति, अशक्ततता, भौगोलिक स्थान र अन्य विशेषताहरुको आधारमा खण्डिकृत उच्च गुणस्तरीय, समसामयिक र विश्वसनीय तथ्यांकको उपलब्धतालाई व्यापक वृद्धि गर्ने र अति कम विकसित देशहरु र साना टापु भएका विकासोन्मुख राज्य लगायत विकासोन्मुख देशहरुलाई सहयोग गर्ने क्षमता निर्माणमा वृद्धि गर्ने

१७.१९. सन् २०३० सम्ममा विकासोन्मूख देशहरुको कुल ग्राहस्थ उत्पादनलाई सहयोग गर्ने गरी दिगो विकासको प्रगतिको मापन गर्न आवश्यक क्षमताका लागि विद्यमान वा जारी पहललाई अरू मजबुत गर्ने